मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

चौथो पटक प्रधानमन्त्री बन्दै एमाले अध्यक्ष ओली

समाचार पृष्ठ ५ मा



वर्ष २ | अंक २३५ | २०८१ साल असार ३० गते आइतबार | Sunday 14, July 2024 | सूर्योदय: बिहान ५:२० बजे | सूर्यास्त: साँझ ७:०२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेश प्रदेशको आर्थिक विधेयक पारित



*प्रदेश सभा बैठक सुरु हुना साथ विपक्षी दलहरुले बजेटमा भएको गडबडको छानविन गरि यसको पुर्नलेखन गर्नुपर्ने माग गर्दै प्रदेश सभाको बैठक अवरोध गरेका थिए । विपक्षी दलहरुको अवरोध पछि बैठक १० मिनेटको लागि स्थागित गरिएको थियो ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको बैठकले आर्थिक विधेयक २०८१ सर्वसम्मतले पारित गरेको छ । मुख्यमन्त्री सतिकुमार सिंहले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मलतले पारित गरिएको हो ।

बैठकमा उठेको प्रश्नहरुको जवाफ दिँदै मुखयमन्त्री सिंहले विगतको सरकारले राखेको करको दायरालाई नै वर्तमान सरकारले यथावत राखेको बताउँदै यसमा कुनैपनि प्रकारले परिवर्तन नगरिएको बताए । उनले सरकार गठन हुँदा र बजेट बनाउँदा निकै थोरै समय पाएको कारणले करको विषयमा समीक्षा समेत गर्न नपाएको बताए ।

सिंहले प्रदेश सरकारको आम्दानी बढाउनको लागि विज्ञहरुसँग परामर्श गरेर यस विषयमा छलफल गरेर नीति निर्माण गरेर अगाडि बढने बताए । उनले भने,‘प्रदेश आफैँमा आत्मनिर्भर बन्न सक्छ भन्ने सोच आफूहरुको समेत रहेको र यस विषयमा अगामी दिनमा योजनाहरु बनाएर अगाडि लैजाने छौँ ।’ मुख्यमन्त्री सिंहले कृषि क्षेत्रको विकास गरेर मधेशको आम्दानी बढाउन सक्ने र आत्मनिर्भर बनाउने सक्नेतर्फ गम्भीर रहेको बताए । उनले प्रदेश सरकार कृषि क्षेत्रमा आत्मनिर्भर हुन योजना निर्माण गरेर अगाडि बढ्न चाहेको बताए ।

विधेयकमाथिको छलफलमा भाग लिँदै प्रदेश सभा सदस्य राम अशिष यादवले जनतालाई समस्यामा परेर कुनैपनि प्रकारको कर लगाउँन उचित नरहेको बताउँदै यस तर्फ सरकारको ध्यान जानुपर्ने आवश्यकता रहेको बताए । प्रदेश सभा सदस्य प्रमोद यादवले नश्लवादी चिन्तन बोकेका पार्टीहरुले संघीयतालाई बदनाम गराउने प्रयास गरेको आरोप लगाए ।

प्रदेश सभा बैठक सुरु हुना साथ विपक्षी दलहरुले बजेटमा भएको गडबडको छानविन गरि यसको पुर्नलेखन गर्नुपर्ने माग गर्दै प्रदेश सभाको बैठक अवरोध गरेका थिए । विपक्षी दलहरुको अवरोध पछि बैठक १० मिनेटको लागि स्थागित गरिएको थियो । जसपा नेपालका प्रदेश सभा सदस्य राम अशिष यादवले आफूहरु मुख्य रुपमा तीन वटा माग राखेको बताए । उनले बजेटमा भएको गडबडिको छानविन गर्न संसदीय समिति गठन हुनुपर्ने, बजेट पुस्तिकाको संशोधन गर्नुपर्ने र बजेटलाई संतुलित बनाउनुपर्ने माग रहेको बताए । उनले यस प्रति सरकार गम्भीर नदेखिएको आरोप लगाउँदै आफूहरु विनियोजन विधेयकलाई कुनैपनि हालतमा पारित हुन नदिने बताए ।

# असारमा मात्रै ३० प्रतिशतभन्दा बढी बजेट खर्च

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
संघीय सरकारमा हुने गठबन्धन परिवर्तनको असर प्रदेश सरकारको बजेट खर्चमा परेको छ । राजनीतिक अस्थिरता र कर्मचारी अभावका कारण मधेश प्रदेश सरकारको १९ अर्ब ५२ करोड रुपैयाँ अर्थात ४६ प्रतिशत फ्रिज भएको छ । मधेश प्रदेशमा आर्थिक वर्ष २०८०–८१ का लागि ४४ अर्ब ११ करोड ४६ लाख रुपैयाँ भन्दा बढीको बजेट रहे पनि २४ अर्ब ५९ करोड ४५ लाख रुपैयाँ मात्र खर्च भएको छ ।

मधेश सरकारले चालुतर्फ १८ अर्ब ५३ करोड ८८ लाख रुपैयाँ विनियोजन गरेकामा ९ अर्ब २९ करोड ७० लाख रुपैयाँ खर्च गरेको छ । पुँजीगततर्फ २५ अर्ब ५७ करोड ५७ लाख रुपैयाँमध्ये १५ अर्ब २९ करोड ७५ लाख रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रण कार्यालयको तथ्यांक छ । मधेश सरकारले आर्थिक वर्ष २०८१ को अन्तिम असार मसान्तमा मात्र कुल बजेट खर्चको ३०.२२ प्रतिशत खर्च गरेको छ । सुस्त गतिमा बजेट खर्च गरेको मधेश सरकारले ११ महिनाको तुलनामा असार मसान्तमा बढी खर्च गरेको पाइएको छ ।

आर्थिक वर्ष २०८१ को साउनदेखि जेठ मसान्तसम्म २५.५३ प्रतिशत बजेट खर्च गरेको मधेश सरकारले आर्थिक वर्षको अन्तिम महिना असारमा ३०.२२ प्रतिशत बजेट खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय, जनकपुरधामले जनाएको छ । मधेश सरकारले चालु र पुँजीगत गरी ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रुपैयाँ विनियोजन गरेकामा त्यसको ५५.७५ प्रतिशत अर्थात २४ अर्ब ५९ करोड ३३ लाख ७६ हजार ३९ रुपैयाँ खर्च गरेको छ । चालुतर्फ १ अर्ब ५३ करोड ८ लाख ५ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ५०.१५ प्रतिशत अर्थात ९ अर्ब २९ करोड ६९ लाख २२ हजार ७४० रुपैयाँ खर्च भएको हो ।

पुँजीगततर्फ भने २५ अर्ब ५७ करोड ५७ लाख ७४ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ५९.१ प्रतिशत अर्थात १५ अर्ब २९ करोड ६४ लाख ५४ हजार ९ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । बजेट खर्चको तथ्यांकअनुसार वन तथा वातावरणले आर्थिक वर्ष २०८१ मा सबैभन्दा बढी बजेट खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा कम २७.०७ प्रतिशत बजेट खर्च गरेको छ । वन मन्त्रालयका लागि १ अर्ब ८५ करोड २५ लाख ४९ हजार ९ सय ६४ रुपैयाँ विनियोजन गरिएकामा त्यसको ७२.१० प्रतिशत अर्थात १ अर्ब ३३ करोड ५६ लाख ३१ हजार २ सय ३ रुपैयाँ खर्च भएको छ । वन मन्त्रालयले जेठ मसान्तसम्ममा ४६.३१ प्रतिशत बजेट खर्च गरेकामा असारमा मात्र २५.७९ प्रतिशत बजेट खर्च गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि ५ अर्ब ६७ करोड ३४ लाख ७८ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ६६.९३ प्रतिशत अर्थात ३ अर्ब ७९ करोड ७० लाख ३३ हजार ४ सय ७४ रुपैयाँ खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले समेत जेठ मसान्तसम्ममा ३४.२६ प्रतिशत बजेट खर्च गरेकामा असारमा ३२.६७ प्रतिशत बजेट खर्च गरेको हो । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले भने असार मसान्तमा मात्र ५० प्रतिशतभन्दा बढी बजेट खर्च गरेको छ । उद्योग मन्त्रालयका लागि १ अर्ब ६६ करोड ६६ लाख ११ हजार ६ सय ६० रुपैयाँ विनियोजन गरिएकामा त्यसको ६१.५९ प्रतिशत अर्थात १ अर्ब २ करोड ६३ लाख ९१ हजार ९ सय २१ रुपैयाँ खर्च गरेको हो । उद्योग मन्त्रालयले असार मसान्तमा मात्र ५०.९७ प्रतिशत बजेट खर्च गरेको हो ।




शिक्षा तथा समाज कल्याण मन्त्रालयका लागि ४ अर्ब ५ करोड ४६ लाख ५९ हजार ६० रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ६०.६२ प्रतिशत अर्थात २ अर्ब ४५ करोड ७७ लाख ८६ हजार ९६ रुपैयाँ खर्च गरेको छ । यो मन्त्रालयले असारमा मात्र ३४.१ प्रतिशत बजेट खर्च गरेको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि १३ अर्ब ५८ करोड ४० लाख ३९ हजार ३ सय २५ रुपैयाँ विनियोजन गरिएकामा त्यसको ५९.९२ प्रतिशत अर्थात ८ अर्ब १३ करोड ९० लाख ५९ हजार ७ सय २१ रुपैयाँ खर्च गरेको छ । भौतिक पूर्वाधार मन्त्रालयले जेठ मसान्तसम्ममा २४.८३ प्रतिशत बजेट खर्च गरेकामा असारमा ३५.०९ प्रतिशत बजेट खर्च गरेको छ ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका लागि ६ अर्ब ४२ करोड ४६ लाख ३६ हजार २ सय २४ रुपैयाँ विनियोजन गरिएकामा त्यसको ५९.६२ प्रतिशत अर्थात ३ अर्ब ३ करोड ७ हजार २ सय ७४ रुपैयाँ खर्च गरेको छ । ऊर्जा मन्त्रालयले असार मसान्तमा मात्र २९.१२ प्रतिशत बजेट खर्च गरेको छ । गृह, सञ्चार तथा कानून मन्त्रालयका लागि २ करोड ५३ लाख ९२ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ४.३४ प्रतिशत अर्थात ३९ करोड ९० लाख ८ हजार ८१ रुपैयाँ खर्च गरेको छ । गृह मन्त्रालले असारमा २६.५ प्रतिशत बजेट खर्च गरेको हो ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब ६२ करोड ५ लाख २७ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ४४.९२ प्रतिशत अर्थात १ अर्ब १ करोड ६ लाख ९४ हजार ७६ रुपैयाँ खर्च गरेको छ । कृषि मन्त्रालयले असार मसान्तमा २५.३६ प्रतिशत बजेट खर्च गरेको हो । अर्थ मन्त्रालयका लागि ३३ करोड ७१ लाख ३४ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ३५.६४ प्रतिशत अर्थात १२ करोड १ लाख ५१ हजार ३ सय १७ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । श्रम तथा यातायात मन्त्रालयका लागि १ अर्ब २ करोड २१ लख ८५ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको २९.५९ प्रतिशत अर्थात ३० करोड २५ लाख १ हजार ६ सय ७३ रुपैयाँ खर्च गरेको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि ५५ करोड ७८ लाख ९ हजार ८ सय ९१ रुपैयाँ विनियोजन गरिएकामा त्यसको २७.०७ प्रतिशत अर्थात १५ करोड १० लाख १७ हजार १ सय ४१ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

### त्रिशूलीमा बस बेपत्ता

# गैंडाकोटमा मृत भेटिएका एक पुरुषको पहिचान खुल्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
नवलपुरको गैंडाकोटको नारायणी किनारमा भेटिएका दुईमध्ये एक जनाको पहिचान खुलेको छ । काठमाडौँबाट गौर जाँदै गरेको बसमा सवार यात्रु रहेको सनाखत भएको हो । ती पुरुष सर्लाहीको बरहथवा– ३ घर भएका रमितकुशर माझी रहेको चितवन प्रहरीले जनाएको हो । उनका बुबा रवीन्द्र कुशर माझीले उनी आफ्नो १९ वर्षीय छोरा रहेको भनी सनाखत गरेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रवक्ता डीएसपी भेषराज रिजालले जानकारी दिए । उनको शव शनिबार दिउँसो गैंडाकोट– ७ थुम्सी नजिक नारायणी नदी किनारमा भेटिएको थियो । उनीसँगै भेटिएका अर्का पुरुषको भने अझै पहिचान नखुलेको डीएसपी रिजालले जानकारी दिए । यससँगै सोही बसमा सवार दुईजनाको पहिचान खुलेको छ । शुक्रबार बिहान नारायणगढ–मुग्लिन सडकअन्तर्गत सिमलतालबाट त्रिशूली नदीमा खसेका दुई बसको खोजीकार्य भइरहेको छ । शुक्रबार र शनिबार दिनभर खोजी गर्दा पनि बस फेला पार्न नसकिएको हो । खोजी कार्यका लागि गोताखोरसहितत सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेनाको टोली खटिएको छ । खोज्दै जाँदा शनिबार बिहान सिमलतालभन्दा ५० मिटर तल एउटा शव फेला परेको थियो भने दिउँसो पूर्वी नवलपरासीको गैँडाकोटस्थित नारायणी नदी किनारमा दुईवटा शव फेला परेका थिए । फेला परेका तीनमध्ये दुईवटा शव आफन्तको सहयोगमा सनाखत भइसकेको छ ।



जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता एवम् डीएसपी भेषराज रिजालका अनुसार, अब आइतबार बिहानैबाट फेरि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले खोजी कार्य सुरु गर्नेछन् । सकेजति सबै उपकरण प्रयोग गरेर खोजी कार्य जारी राख्दा पनि बस फेला पार्न नसकेपछि उद्धारमा खटिएका सुरक्षाकर्मी निराश भएका छन् । सशस्त्र प्रहरीका सहप्रवक्ता, डीएसपी शैलेन्द्र थापाका अनुसार पानीभित्र प्रयोग गरी खोज्न सकिने सोनार क्यामरा, वाटर ड्रोन, पाइपलाइन इन्सपेक्सन सिस्टमसहित खोजी गरिएको थियो । ¥याफ्ट बोटमा जडान गरेर सोनार क्यामेराले पानीभित्रका वस्तु हेर्न सहयोग पु¥याउँछ । सशस्त्र डीएसपी थापाका अनुसार सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय (कुरिनटार) बाट ९ जना गोताखोरसहित २५ जना र १७ नम्बर गण (चितवन) बाट विपद् व्यवस्थापन तालिम प्राप्त ११ जनासहित ३५ जनाको सुरक्षा फौज खोजी परिचालन गरिएको छ ।साथै नेपाली सेना र नेपाल प्रहरी पनि खोजीमा जुटेका छन् । काठमाडौँबाट गौरतर्फ आउँदै गरेको बागमती प्रदेश ०३–००१ ख २४९५ नम्बरको बस र वीरगंजबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश ०३–००६ ख १५१६ नम्बरको बस शुक्रबार बिहान भरतपुर महानगरपालिका–२९ सिमलतालमा पहिरोसँगै त्रिशूलीमा खसेर बेपत्ता छन् । काठमाडौँबाट गौर आउँदै गरेको बसमा २७ तथा वीरगंजबाट काठामाडौँतर्फ जाँदै गरेको बसमा २४ यात्रु रहेको स्थानीय प्रशासनले जनाएको छ । उक्त दुर्घटनामा परेका ३ यात्रु भने पौडी खेलेर बाँच्न सफल भएका छन् ।

# दलहरूलाई कमजोर बनाएर लोकतन्त्र बलियो हुँदैनः पोखरेल




**ललितपुर ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले राजनीतिक दललाई कमजोर बनाएर लोकतन्त्र र मानवअधिकारलाई बलियो बनाउन नसकिने बताएका छन् । ललितपुरको खोकनामा शनिबार आयोजित राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स)को २५औँ स्थापना दिवस समारोहमा उनले राजनीतिक दल कमजोर भएमा लोकतन्त्र, मानवअधिकार र जनअधिकार सुनिश्चित हुन नसक्ने बताए । ‘राज्यलाई बलियो बनाउने शक्ति राजनीतिक दल नै हुन्, बलियो राजनीतिक दल नै स्थिरता र स्थायित्वका आधार हुन् । त्यसैले दलहरूलाई कमजोर बनाएर मानवअधिकारको रक्षा र आर्थिक समृद्धि हासिल हुन सक्दैन’, महासचिव पोखरेलले भने । उनले जनतालाई संरक्षण प्रदान गर्न पनि राज्य र राजनीतिक दल बलियो हुनुपर्ने जिकिर गरे ।

एमाले नेता एवं पूर्वमन्त्री भानुभक्त ढकालले समाजमा व्यवस्था परिवर्तन भएसँगै मानवअधिकारका व्यवस्था पनि परिवर्तन हुँदै आएको बताए । मानवअधिकार एलाइन्सका इन्चार्ज घनश्याम पाण्डेले नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय हकलाई स्थापित गर्न एलाइन्सले ध्यान दिनुपर्ने धारणा राखे । एमाले केन्द्रीय सदस्य तथा ललितपुर महानगर इन्चार्ज बाबुराम थापाले मानवअधिकार शान्तिको अभिन्न अङ्ग पनि भएकाले यसलाई थप प्रभावकारी बनाइनुपर्ने बताए । एलाइन्सका संस्थापक गङ्गा कसजूले हरेक क्षेत्रमा मानवअधिकार स्थापित गर्न संस्थाले नागरिकको तर्फबाट गम्भीरतापूर्वक काम गर्नुपर्नेमा जोड दिए । रासस

# शोकमग्न रौतहटका दुई पालिका

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिका र बौधिमाई नगरपालिका अहिले शोकमग्न बनेको छ । चितवनको भरतपुर महानगरपालिका–२९ स्थित सिमलतालमा शुक्रबार बिहान गणपति डिलक्स बस त्रिशुलीमा खस्दा उक्त दुवै पालिकाका दर्जन बढी यात्रु बेपत्ता भएपछि शोकमग्न बनेको हो । गरुडा नगरपालिका ९ रघुनाथपुरका जागेश्वर राय यादवसँगै चारजना परिवारका सदस्यहरू त्रिशुली नदीमा भएको बस दुर्घटनामा परी बेपत्ता भएका छन् ।



पहिरोसँगै बस खस्दा जागेश्वर राय यादवले बसको क्याबिनबाट हाम फालेर ज्यान जोगाउन सफल भए पनि उनको परिवारका ४ जना सदस्यहरू बेपत्ता भएका छन् । यादवको ७ वर्षिय छोरा अशोक यादवसहित २७ वर्षिया छोरी अमृता यादव, अढाई वर्षको नाति शिवशंकर यादव र डेढ वर्षको नातिनी गरि एकै परिवारका चार जना बेपत्ता भएका छन् । उता बौधिमाई नगरपालिका मटिअर्वाका ५८ वर्षका परशुराम साह श्रीमती मीना देवी, माइलो छोरा सरोज, छोरी रिंकु र ज्वाई नरेश साहलाई लिएर २६ असारमा काठमाडौँ गएका थिए । कान्छो छोरा कृष्णनन्दन साह नेपाली सेनाको ९ महिने तालिम पश्चातको पासआउट समारोहमा सहभागी हुन परशुराम परिवारजनका साथ काठमाडौँ गएका थिए ।

गाउँबाट नै काठमाडौँ जाने गणपति डिलक्स बसमा गएका साह २७ गते सोही बसबाट फर्किदै गर्दा पहिरो खसेर बससँगै त्रिशुली नदीमा बेपता भएका छन् । उक्त बसमा बौधिमाई नगरपालिकाको विभिन्न वडाका एक दर्जन बढी यात्रु बेपता भएका छन् । यसैबीच गरुडा नगरप्रमुख कन्थमणि जैसवाल र बौधिमाई नगरप्रमुख प्रदीप कुमार यादव पीडित परिवारसँग भेटेर सरकारसँग सहयोग पहल गराउने तथा पालिकाबाट पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

# ‘सूचना प्रविधि क्षेत्रको विकासलाई प्राथमिकतामा राख्नुपर्छ’

**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको आर्थिक विकासका लागि सूचना प्रविधिका क्षेत्रमा धेरै सम्भावना रहेकाले यसबाट लाभ लिन सक्नेगरी औद्योगिक विकास गर्न आग्रह गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । शनिबार यहाँ आयोजित सूचना प्रविधिसम्बन्धी एक अन्तर्राष्ट्रिय कार्यक्रमलाई सम्बोधन गर्दै उनले संसारमा दुरततर रूपमा विकास भइरहेको सूचना प्रविधिबाट उनीहरूले यथेष्ट लाभ लिइरहेका दृष्टान्त पेस गर्दै नेपालले पनि सूचना प्रविधिको विकासलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने बताए ।




उनले भने, ‘विश्वका अरु देशमा जस्तै नेपालमा पनि पछिल्ला वर्ष सूचना प्रविधिका क्षेत्रमा दूरत विकास भइरहेको छ र यसमा नेपालको युवा वर्ग अहिले पनि निकै नै ठूलो संख्यामा यस क्षेत्रमा लागिरहेकाले देशमा सूचना प्रविधि उद्योगको विकास र विस्तार गरी यसको सेवा निर्यातबाट हामीले लाभ लिन सक्नुपर्दछ ।’ युवा जनसंख्या धेरै भएको देश नेपालमा अहिले ठूलो संख्याका युवाहरू सूचना प्रविधि विषयको पठनपाठन तथा उद्यमशीलताको विकासमा लागिरहेकाले नेपालमा सूचना प्रविधि उद्योगको विकास गरी यसबाट सेवा निर्यातको अधिक सम्भावना रहेको उनको तर्क थियो ।

नेपाल सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत आगामी दशकलाई सूचना प्रविधि दशकका रूपमा घोषणा गरी हरेक प्रदेशमा सूचना प्रविधि पार्क निर्माण गर्ने, १५ लाख रोजगारी सिर्जना गर्ने र हरेक वर्ष नेपालबाट कम्तीमा पनि तीन खर्ब रुपैयाँ बराबरको सूचना प्रविधि सेवा निर्यात गर्ने लक्ष्य लिएको प्रसङ्ग उल्लेख गर्दै यसका लागि यसैबमोजिमको लगानीको वातावरण राज्यले निर्माण गनुपर्नेमा जोड दिए ।

सूचना प्रविधि अहिलेको समाजको जीवत पद्धति नै भइसकेकाले संसारले पनि यसैबमोजिम अङ्गीकार गरिरहेका र नेपाल पनि यसबाट अछुतो नरहेको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष ढकालले भने, ‘नेपालमा पनि मेडिकल, इन्जिनियरिङ तथा वित्तीय क्षेत्र हुँदै धेरै क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्दै गएको छ । आगामी दिनमा यसको विकास र विस्तार गरी सूचना प्रविधिमा आधारित समाज र औद्योगिक विकासको नीतिबाट राज्य अघि बढ्नुपर्छ ।’ उनले नेपालमा रहेको यस क्षेत्रको सम्भावनाअनुसारको लगानीको वातावरण निर्माण गर्न सरकारसँग माग गर्दै यस सम्भावनायुक्त क्षेत्रमा लगानी गरी मुनाफा आर्जन गर्न स्वदेशी तथा विदेशी लगानीकर्तालाई आग्रह गरेको महासङ्घले विज्ञप्तिमार्फत जनाएको छ । नेपालमा अहिले पनि करिब पाँच सय सूचना प्रविधिसम्बन्धी कम्पनी रहेका जानकारी दिँदै उनले राज्यले उचित नीति अख्तियार गर्यो र लगानीको सहज वातावरणको सुनिश्चितता गर्यो भने योभन्दा कैयौँ गुणा बढी कम्पनीहरू केही समयमै स्थापना भई सञ्चालनमा आउने पनि बताए । रासस

# एक वर्षमा सर्पको टोकाइबाट १० जनाको मृत्यु

**घोराही ।**
यही असार १२ गते दिउँसो घर नजिकै बारीमा घाँस काट्दै गरेका तुलसीपुर उपमहानगरपालिका– १९ बाँसगढीका ५५ वर्षीय पारु चौधरीलाई सर्पले डस्यो । बायाँ हातमा सर्पले डसेका चौधरीलाई परिवारका सदस्य अस्पताल पु¥याउनुको साटो झारफुकतिर लागे । बिरामीको अवस्था नाजुक बन्न थाल्यो त्यसपछि मात्रै चौधरीलाई अस्पताल लैजाने तरखर भयो । जतिबेला समय निकै टरिसकेको थियो । बेलुका ८ बजे घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान पु¥याएलगत्तै चिकित्सकले मृत घोषणा गरे ।

तुलसीपुर–२ भमकेका ११ वर्षीय बालक घनश्याम पाठकलाई घरको कोठामा सुतिरहेको अवस्थामा असार ६ गते राति सर्पले टोक्यो । सर्पले टोक्नेबित्तिकै घनश्यामले हजुरआमालाई जानकारी गराए । घरभित्र कसरी सर्प आयो होला भनेर हजुरआमालाई विश्वास लागेन । त्यसपछि बत्ती बालेर ओढिराखेको कम्बल फाल्दा सर्प बालकको कम्मरमा बेरिएको थियो । तत्काल उनलाई मोटरसाइकलमा चढाएर राप्ती प्रादेशिक अस्पताल तुलसीपुर पु¥याइयो । प्रादेशिक अस्पतालमा खटिएका स्वास्थ्यकर्मीले उनलाई सर्पले टोकेको ठाउँ पत्ता लगाउन सकेनन् र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा रिफर गरियो । आठ वर्ष अघि सर्पकै टोकाइबाट आमा गुमाएका घनश्यामलाई उपचारका क्रममा यही असार ७ गते साँझ ८ बजे डाक्टरले उनलाई बचाउन नसकिने खबर सुनाए ।

यी प्रतिनिधि मूलक घटना मात्रै हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार दाङमा आर्थिक वर्ष २०७८÷७९ मा नौ र २०७९÷८० मा छ जनाको मृत्यु भएको छ । दाङमा चालु आर्थिक वर्षको हालसम्म १० जनाको मृत्यु भइसकेको छ भने एक सय ७८ जना सर्पदंशमा परेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्ले देखाउँछ ।

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र दाङका खरिदार शम्भु आचायले सर्पदंशमा परेका बिरामीले घरपरिवार र समाजमा विद्यमान अन्धविश्वासमा परेर झारफुक वा चुसेर विष निकाल्ने जस्ता काममा समय व्यतित हुँदा ज्यान गुमाउने गरेको बताए । समयमै अस्पताल पुगिसकेका बिरामीले पनि ज्यान गुमाउनुमा स्वास्थ्यकर्मीकै लापरवाही भएका बिरामीका आफन्त गुनासो गर्छन् । सर्प नचिन्दा र अस्पताल ढिलो आउने गरेका कारण कतिपय व्यक्तिहरुको सर्पदंशबाट ज्यान जाने गरेको चिकित्सकहरु बताउँछन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सर्पदंशका राष्ट्रिय प्रशिक्षक उमाकान्त तिवारी सर्पले टोकी हाल्यो भने तत्काल अस्पताल पुग्न आग्रह गर्छन् ।

पछिल्लो समय एक अस्पतालबाट अर्को अस्पतालमा रिफर गर्ने भएको हुँदा पनि कतिपयले अकालमै ज्यान गुमाउने गरेको उनले बताए । सर्पले टोकिसकेपछि तत्कालै सर्पको पहिचान गरी अस्पताल पुग्दा अकाल मृत्युको मुखबाट बच्न सकिने उनी बताउँछन् । अस्पताल जानुको साटो झारफुकमा विश्वास गर्दा पछिल्लो तीन वर्षमा २५ जनाको मृत्यु भएको छ । सर्पदंशका बिरामी अस्पताल पुगेपछि कुनै पनि बिरामीले ज्यान गुमाउनु पर्दैन भन्ने सरकारी नीति भए पनि जिल्लामा कतिपयले झारफुकमा लाग्दा ज्यान गुमाएका छन् भने कतिपयले सर्पको पहिचान गरी अस्पताल पुग्दा पनि मृत्युवरण गर्नुपरेको छ । रासस

# मानव बेचविखनमा दोषी पाँच जनालाई जेल सजाय

**मलेखु ।**
१६ वर्षीया किशोरीलाई भारतमा लगेर बेचविखनको प्रयास गर्ने समूहलाई मानव बेचविखन तथा ओसारपासार र सङ्गठित अपराधको कसुरमा जेल सजाय तोकिएको छ । दुई छुट्टाछुट्टै मुद्दामा आठ जनामध्ये तीन जनालाई सफाइ दिएको र पाँच जनालाई कसुर कायम गर्दै कैद, जरिवाना र पीडितलाई क्षतिपूर्ति दिने धादिङ जिल्ला अदालतका जिल्ला न्यायाधीश गोपालप्रसाद बाँस्तोलाको इजलासले शुक्रबार फैसला गरेको हो ।

फैसलाअनुसार धादिङको त्रिपुरासुन्दरी गाउँपालिका–३ की २९ वर्षीया गीता न्यौपाने, काठमाडौँको कागेश्वरी मनहरा नगरपालिका–६ का ३२ वर्षीया कविता बानियाँ (आचार्य) र सोलुखुम्बू जिल्ला नेचा सल्यान गाउँ पालिका–२ की ३३ वर्षीया कमला परियारलाई एउटा मुद्दामा १८ वर्ष नौ महिना र थप अर्को मुद्दामा १० वर्ष कैद र एक लाख



७५ हजार रुपैयाँ जरिवाना, पीडितलाई ५० हजार रुपैयाँ क्षतिपूर्ति दिन फैसलामा उल्लेख भएको जिल्ला अदालतका श्रेस्तेदार माधव भण्डारीले जानकारी दिए । अदालतले त्रिपुरासुन्दरी –१ का ३९ वर्षीय कोपिल दमै र त्रिपुरासुन्दरी –३ की ३९ वर्षीया कल्पना आलेमगरलाई जनही १५÷१५ वर्ष कैद र एक÷एक लाख रुपैयाँ जरिवाना गर्ने फैसला गरेको छ ।

मानव बेचविखन अनुसन्धान ब्युरोको पहलमा १६ वर्षीय नेपाली किशोरीको विसं २०७९ पुस २० गते भारतको दिल्लीस्थित मङ्गलबजार गल्ली नं. २, बापरुल्लाबाट उद्धार गरी एयर इण्डियाको जहाजद्वारा स्वदेश ल्याइएको थियो । मामाघरमा बसेर अध्ययन गर्दै आएकी किशोरी विसं २०७९ मङ्सिर १५ गतेदेखि घर परिवार आफन्तको सम्पर्कमा नआएपछि उनको खोजतलास लागि प्रहरीलाई लिखित निवेदन दिइएको थियो ।

बालिकालाई तान्त्रिक बाबासँग भेटाइ तान्त्रिक बाबा खुसी भएमा अथाहा पैसा पाउने भनि बालिकालाई प्रलोभन देखाएर भारत पु¥याएको अनुसन्धानबाट खुलेको छ । मामाघरमा बस्दै आएकी बालिकालाई भारत पु¥याउन उनकै नजिकको साथी र महिला संलग्न रहेको खुलेको छ । अभियुक्तहरुले ६० केजी तौल भएको, कम्तीमा उचाइ पाँच फिट चार इन्चभन्दा माथि भएको, शरीरमा कुनै प्रकारको दाग वा टाटु, कुनै अङ्गमा चोटपटक नभएको र रजस्वला नभएको बालिकाको खोजी हुने क्रममा उक्त बालिकालाई भेटाएको जनाइएको छ ।

किशोरीलाई २०७९ माघ २२ गते मुख्य तान्त्रिकलाई बुझाउने तयारी भइरहेको अवस्थामा बालिकाको उद्धार गरी स्वदेश ल्याइएको थियो । किशोरीलाई दिल्ली पु¥याएपछि घटनामा संलग्न पाँच जना एक महिना अघि नै नेपाल फर्केका थिए भने एक जना महिलाले किशोरीलाई साथमा राखेर पूजामा बस्न फरक–फरक तीन जना तान्त्रिक बाबासमक्ष भेटाउँदै आएको बताइएको छ । रासस

# मध्यपहाडी लोकमार्ग पूर्ण रुपमा अवरुद्ध

**बागलुङ ।**
अविरल वर्षाका कारण पहिरो खस्दा राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । शनिबार बिहान लोकमार्गको गलकोट नगरपालिका–१ झाँक्रीस्थानमा पहिरो खस्दा लोकमार्ग पूर्ण रुपमा अवरुद्ध भएको हो । सडक अवरुद्ध हुँदा पश्चिम बागलुङबाट जिल्ला सदरमुकामसम्म सवारीसाधन सञ्चालन हुन सकेका छैनन् । पोखरा, काठमाडौंसहित ठूला सहरबाट बागलुङको बुर्तिबाङसहित रुकुम–पूर्व, जाजरकोट, रुकुम–पश्चिम सञ्चालन हुने सवारीसाधान ठप्प हुँदा यात्री बीच सडकका अलपत्र परेका हुन् ।



प्रहरी र स्थानीयको सक्रियतामा पहिरो पन्छाएर सडक खुलाउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिए । वर्षा हुँदा वित्तिकै सडक माथिदेखि लेदोसहितको पहिरो खस्दा लोकमार्गको उक्त खण्ड अवरुद्ध हुँदै आएको उनले बताए । ‘लोकमार्ग बिहानैदेखि अवरुद्ध छ, अहिले खुलाउने प्रयास भइरहेको छ । सडक अवरुद्ध हुँदा लामो तथा छोटो दूरीमा सञ्चालन हुने यातायताका साधान ठप्प भएका छन्, यहाँ वर्षा हुँदा वित्तिकै पहिरो खस्ने समस्या भएकाले यात्रीले सास्ती खेप्नुपरेको छ’ प्रहरी उपरीक्षक कँडेलले भने । लोकमार्गको निसीखोला गाउँपालिका–४ कालापैरामा पनि लेदोसहितको पहिरो झर्दा सडक अवरुद्ध हुँदै आएको छ । रासस

# पूर्वपश्चिम राजमार्गका खाल्डाखुल्डी पुर्दै ट्राफिक प्रहरी



**सिरहा ।** लगातारको वर्षापछि पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत सिरहाखण्डमा परेका खाल्डाखुल्डी पुर्न थालिएको छ ।

ट्राफिक प्रहरी कार्यालयले सडक डिभिजन कार्यालय र चाइना रेल्वे कम्पनीसँगको समन्वयमा खाल्डाखुल्डी पुर्न थालेको हो । ट्राफिक प्रहरी कार्यालय प्रमुख डम्बरबहादुर पुरी सम्भावित दुर्घटना रोक्न सडक न्यूनीकरणका लागि शुक्रबारदेखि चोहर्वा—सिरहा खण्डबाट खाल्डाखुल्डी पुर्न सुरु गरिएको जानकारी दिए । उनले शनिबार पनि उक्त कार्यलाई निरन्तरता दिएको बताए ।

सडकमा परेका खाल्डाखुल्डीले सवारी आवागमनमा समस्या भएकाले खाल्डाखुल्डी पुर्ने र सडकमा छरिएका गिट्टी, बालुवासमेत हटाउने काम गरेको उनको भनाइ छ ।

'लगातारको वर्षापछि सडकमा ठूला खाल्डाखुल्डी परेका छन्, यसले सवारी आवागमनमा समस्या भएको छ' ट्राफिक प्रमुख पुरीले भने, 'सडक डिभिजन र निर्माण कम्मनी चाइना रेल वे कम्पनीसँग समन्वय गरी ग्राभेल हाल्ने र जोखियुक्त ठाउँमा भएका बालुवा तथा गिट्टी हटाउने काम भइरहेको छ ।' चाइना रेल्वे कम्पनीले पूर्वपश्चिम राजमार्ग स्तरोन्नति र विस्तारको काम गरिरहेको छ ।रासस

# रूपनगर क्याम्पसका विद्यार्थीलाई 'छोरी छात्रवृत्ति'



**मधेशदृष्टि**
**सप्तरी ।** मधेश प्रदेश सरकारले दिने 'छोरी छात्रवृत्ति' रूपनगर नन्दराज संग्रौला क्याम्पसका पाँच जना छात्राले पाएका छन् । बर्सेनि दिइने 'छोरी छात्रवृत्ति' रुपनगर क्याम्पसका विद्यार्थीले पहिलो पटक पाएका हुन् । जेहेन्दार, विपन्न र दलित गरी तीन वर्गमा दिइने उक्त छात्रवृत्ति २५ हजार रुपैयाँको छ । अर्थात् छात्रवृत्ति पाउने प्रत्येक छात्राले एक मुष्ठ २५ हजार रुपैयाँ पाउने छन् । छात्रवृत्ति रकम सोझै सम्बन्धित विद्यार्थीको बैँक खातामा पठाइने जानकारी मधेश प्रदेश सरकार, शिक्षा विकास निर्देशनालयले दिएको छ । छात्रवृत्तिका लागि छनौट भएका रूपनगर नन्दराज संग्रौला क्याम्पसका छात्राहरू मध्ये दुई जना बिबिएस पहिलो वर्ष र तीन जना दोश्रो वर्षमा अध्यनरत छन् । जेहेन्दार, विपन्न र दलितमा वर्गीकरण गरिए पनि छात्रवृत्तिका लागि आवेदन दिएका छात्राहरू मध्ये कक्षा १२ को परीक्षामा वढी अङ्क वा जीपीए ल्याउनेलाई छात्रवृत्तिका लागि छनौट गरिएको छ ।

मधेश प्रदेश सरकारले सार्वजनिक गरेको छात्रवृत्ति पाउनेहरूको विवरणमा उल्लेखित तथ्याङ्क अनुसार २.३ भन्दा कम जीपीए ल्याउनेले कुनै पनि वर्गबाट छात्रवृत्ति नपाएको देखिन्छ । जेहेन्दार वर्गमा छात्रवृत्ति पाउनेहरूमा, १२ कक्षाको परीक्षामा सबै भन्दा वढी अङ्क ल्याउने छात्राले ३.९१ जीपीए ल्याएकी छन् भने सबै भन्दा कम २.९१ जीपिए ल्याउनेसम्मका आवेदकले यो छात्रवृत्ति पाएको तथ्याङ्क मधेश प्रदेश सरकारले सार्वजनिक गरेको विवरणमा देखिन्छ । त्यसैगरी विपन्न वर्गमा छात्रवृत्ति पाउनेहरूमा, १२ कक्षाको परीक्षामा न्यूनतम् २.६६ जीपिए ल्याउनेसम्मका आवेदकले यो छात्रवृत्ति पाएका छन् । विपन्न भए पनि पढाइमा राम्रो गर्नै पर्ने सन्देश यो छात्रवृत्ति छनौट प्रक्रियाले दिएको छ । दलित, विपन्न जस्ता आरक्षणको अवधारणा मात्र होइन मधेश प्रदेश सरकारले अध्ययनमा गुणस्तरलाई पनि महत्व दिएको देखिएको छ । दलित वर्गबाट छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा पनि १२ कक्षाको परीक्षामा ल्याएको अङ्कलाई आधार मानिएको तथ्याङ्क मधेश प्रदेश सरकारले सार्वजनिक गरेको विवरणमा देखिन्छ । यो वर्गबाट छात्रवृत्ति पाउनेहरू मध्ये १२ कक्षाको परीक्षामा सबै भन्दा कम २.३ जीपीए ल्याएका छन् । २.३ भन्दा कम जीपीए ल्याउने कोही पनि यो छात्रवृत्ति छनौटमा परेनन् ।

# राास्वपाको बहुदरमाई पालिका समिति गठन



**मधेशदृष्टि**
**वीरगंज ।** राष्ट्रिय स्वतन्त्र पार्टीको बहुदरमाई नगरपालिका समिति गठन भएको छ । शनिबार डकैलाचोकस्थित आलोक पार्टी प्यालेसमा आयोजित रास्वपाको भेलाले वहुदरमाईमा पालिका समिति गठन गरेको हो । भेलाले चन्दन यादवको नेतृत्वमा ११ सदस्य समिति निर्विरोध चयन गरेको छ । ११ सदस्यीय समितिको उपसभापतिमा ओम प्रकाश कुमार यादव, सचिवमा चन्दन प्रसाद साह, कोषाध्यक्षमा रामपती देबी र सदस्यहरुमा नागेन्द्र प्रसाद साह, अशोक कुशवाह, ललन सहनी, अरमानन्द प्रसाद साह, सरोज देबी सहनी, अनिल कुमार साह र धनमती देवी रहेका छन् ।

भेलामा राष्ट्रिय स्वतन्त्र पार्टी पर्सा जिल्ला संयोजक हरि पन्तले नेपालको राजनीतिमा आउन अब युवाहरुलाई कसैले रोक्न नसक्ने बताए । उनले ३५÷४० वर्षका धेरै युवाहरुले सफलतापूर्वक देश हाकिसकेको उदाहरण विश्वमा प्रशस्तै रहेको उल्लेख गर्दै युवाहरुहरु नै नेपालको भविष्य भएको बताए ।

भेलाका प्रमुख अतिथी केन्द्रिय सदस्य डा नन्दन यादवले अहिले बन्दै गरेको गठबन्धन सरकार अप्राकृतिक गठबन्धन भएको टिप्पणी गरे । उनले उतरी ध्रुब र दक्षिणी ध्रुब मिल्न असम्भव रहेकोले भन्दै कांग्रेस एमाले सरकार पनि लामो दौडको घोडा नभएको जिकिर गरे ।

रास्वपा जिल्ला संयोजक हरि पन्तको सभापतित्वमा सम्पन्न उक्त भेलामा प्रदेश सदस्य सुदिश प्रजापतीले स्वागत गरेका थिए भने पूर्व जिल्ला संयोजक दिलिप कुर्मी, प्रदेश सदस्य पुर्शोतम उपाध्याय, शिक्षा उपप्रमुख सोनालाल पटेल, क्षेत्रीय सभापति फैयाज मिया, वडा सभापति पूर्ण सापकोटा, डा चन्द्र भूषण पाठकलगायतले आआफ्नो धारणा व्यक्त गरेका थिए । उक्त भेलालाई संगठन विभाग उपप्रमुख प्रमोद रायमाझीले सहजीकरण गरेका थिए ।

# धनुषामा धानखेती गर्ने जमिन घट्दै

**जनकपुरधाम ।** धनुषा जिल्लामा शनिबारसम्म ४५ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको छ । यसवर्ष समयमै मनसुन भित्रिएकाले अहिले धान रोपाइँ धमाधम जारी छ । विगतमा ४८ हजार सात सय ६० हेक्टर जमिनमा धानखेती हुँदै आएका जिल्लामा हाल ४२ हजार हेक्टरमा मात्र धानखेती हुने गरेको कृषिज्ञान केन्द्र धनुषाले जनाएको छ । वागतवानी अधिकृत प्रदीप यादवले हालसम्ममा ४५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको जानकारी दिए । उनले भने, 'पानीका अभावमा किसानले ढिलो गरी ब्याड राखेकोले रोपाइँ गर्न पनि केही ढिलो भएको हो ।'



अधिकृत यादवका अनुसार जिल्लामा नहरलगायत विभिन्न माध्यमबाट ३५ हजार हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ ।

यसैगरी अझै जिल्लाका ६५ प्रतिशत खेतमा आकाशे पानीको भरमा धानखेती हुँदै आएको बताइएको छ । विगतका तुलनामा धानखेती अहिले महँगो भएको छ । ट्याक्टरबाट खेत जोत्नका लागि प्रति घण्टा दुई हजार पाँच सय रुपैयाँ लिने गरेको छ भने पानीको अभाव पूरा गर्नका लागि ट्याङ्करबाट खेतमा पानी हाल्न प्रतिघण्टाको पाँच सय रुपैयाँ तथा प्रतिकामदार चार सय रुपैयाँ र १० किलो धान दिनुपर्ने गरेको छ ।

यसमा रासायनिक मलको थप मूल्य तिर्नुपर्ने हुन्छ । धानखेती महँगो भए पनि लागतअनुसार धान उत्पादनको बजार मूल्य नपाएको किसानको गुनासो छ । गत आव २०८०÷८१ मा जिल्लामा ४२ हजार हेक्टर जमिनमा गरिएको धानखेतीमा एक लाख १७ हजार छ सय मेट्रिकटन धान उत्पादन भएको सो केन्द्रद्वारा जारी तथ्याङ्कमा उल्लेख छ ।

अघिल्लो वर्षका तुलनामा २८ हजार छ सय ८० मेटिकट्रन कम धान उत्पादन भएको बताइएको छ ।

जिल्लामा करिब सात लाख जनसंख्या रहेको मा ७० प्रतिशत किसान धानखेतीमा संलग्न रहेका छन् । कृषि जनगणना २०७८ अनुसार जिल्लामा विस्तारै धानखेती घट्दै गएकाले उत्पादनमा कमी आएको जनाइएको छ । अहिले ४२ हजार हेक्टर जमिनमा धान खेती भइरहको सो गणनामा उल्लेख गरिएको छ । आव २०७९/८० मा झापा स्थित मेची भन्सार नाकाबाट ५८ करोड ७३ लाख २९ हजार रुपैयाँ मूल्य बराबरको ९७ लाख ६५ हजार केजी चामल नेपाल भित्रिएको तथा त्यसबाट जलेश्वर भन्सार कार्यालयलाई छ करोड ९० लाख रुपैयाँ भन्सार राजस्व सङ्कलन भएको भंसार अधिकृत सुमित गुप्ताले जानकरी दिए । मधेश प्रदेश सरकारले कृषिमा आकर्षक नारा लगाए पनि किसानको समस्या समाधान हुन सकेको छैन ।रासस

# कमला नदीमा डुबेका बालक बेपत्ता

**मधेशदृष्टि**
**सिराहा ।** सिराहाको कमला नदीमा नुहाउने क्रममा शनिबार अपराह्न डुबेका बालक अझै फेला परेका छैनन् । कल्याणपुर नगरपालिका ५ भोक्राहाका रामदेव खड्गा यादवका ११ वर्षीय छोरा क्षितिज यादव साथीहरूसँग कमला नदीमा नुहाउने क्रममा बेपत्ता भएका हुन् । सिराहा सदरमुकाम बस्दै आएका क्षितिज परिवारसँग गाउँमा दिदीको विवाहमा गएका थिए । विवाहमा गएका बेला साथीहरूसँग नुहाउने क्रममा उनी डुबेको हुनसक्ने कल्याणपुर नगरपालिका ६ का वडाध्यक्ष दिनेशकुमार साहले जानकारी दिए । अपराह्न करिब एक बजे पानीमा डुबेका बालक अझै फेला नपरेको उनले बताए ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले उनको खोजी कार्य गरिरहेको भए पनि फेला पार्न नसकेको र खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी डिएसपी मुक्तिनाथ सापकोटाले बताए । इलाका प्रहरी कार्यालय मिर्चैया र कल्याणपुरको टोली तथा सशस्त्र प्रहरीको संयुक्त टोलीले उनको खोजी गरिरहेको प्रहरीको भनाइ छ ।

# सर्पले डस्दा महिलाको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।** सिरहाको चोहर्वामा सर्पको डसाइबाट एक महिलाको मृत्यु भएको छ । सर्लाहीको पर्सा गाउँपालिका सङ्ग्रामपुर घर भई सिरहाको गोलबजार नगरपालिका–८ चोहर्वा बस्दैआएकी ३० वर्षीया रोशिना खातुनको शुक्रबार मृत्यु भएको हो । चुलोबाट खरानी निकाल्ने क्रममा खातुनलाई सर्पले डसेको हो । उनको उपचारका क्रममा कर्जन्हास्थित फूलकुमारी महतो मेमोरियल अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनलाई चाहर्वा सैनिक गण परिसरमा रहेको जयकाली सर्पदंश उपचार केन्द्रमा पु¥याइए पनि त्यहाँ उपचार सम्भव नभएपछि कर्जन्हा अस्पताल लगिएको थियो ।

# मधेशको शिक्षाबारे सरोकारवालाबीच अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।** मधेश प्रदेशको शिक्षा अवस्थालाई लिएर सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रममा भएको छ । शनिवार इन्टेलेक्चुअल फाउन्डेसन नेपालले त्रिभुवन विश्वविद्यालयमा आयोजना गरेको 'संविधान, शिक्षा, र मधेश' विषय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । उक्त कार्यक्रममा बोल्ने वक्ताहरुले मधेशको शिक्षा अवस्थालाई लिएर चासो व्यक्त गरेका छन् । मधेशको शिक्षा अवस्था खस्किनुलाई एकथरीले मधेशी नै कारण भएको टिप्पणी गरेका छन् भने अर्को राज्यको गलत नियतलाई दोष दिएका छन् ।




इन्टेलेक्चुअल फाउन्डेसन नेपालले शनिबार त्रिभुवन विश्वविद्यालयमा आयोजना गरेको 'संविधान, शिक्षा, र मधेश' विषय अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले पनि मधेशको शिक्षाका बारेमा विभिन्न टिप्पणी गरेका छन् । अन्तरक्रियामा बोल्ने वक्ताहरूले मधेशका प्रायः स्कुलमा स्थानीय व्यक्तिहरू नै हेडमास्टर र शिक्षक हुने तैपनि शिक्षाको गुणस्तर खस्किएको टिप्पणी गरे । कतिपयले मधेशमाथि विभेद गरेका कारण त्यहाँको शिक्षा कमजोर भएको टिप्पणी गरे । अन्तरक्रिया कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य एवं प्रदेशसभाका पूर्व सदस्य बिक्की यादवले मधेशको शिक्षा राज्यको नीतिका कारण खस्किएको दाबी गरे । उनले भने, 'सङ्घीय सरकारले प्रदेश गठन गरिदिएको छ तर त्यसलाई कुनै अधिकार दिएको छैन, प्रदेश सरकारको न आफ्नो शासन छ न प्रशासन छ न कुनै नीति अनि त्यहाँ शिक्षालाई कसरी सुधार गर्न सकिन्छ ।' सङ्घीय सरकारले स्कुल शिक्षालाई आफ्नो मातहतमा राखेको बताउँदै उनले त्यसको दोषी मधेस कसरी हुन्छ भनी प्रश्न समेत गरे । उनले मधेसलाई हेर्ने दृष्टिकोण नै नराम्रो हुने गरेको बताउँदै त्यसैले पनि त्यहाँको शिक्षा र स्वास्थ्य बिग्रिँदै गएको दाबी गरे ।

अन्तरक्रिया कार्यक्रममा अधिवक्ता प्रिति रमणले मधेशमा छोराछोरी माथिको विभेदका कारण शिक्षाको अवस्था कमजोर रहेको बताइन् । छोरालाई बोर्डिङ स्कुल र छोरीलाई सरकारी स्कुलमा पढाएका कारण मधेशको शिक्षाको गुणस्तर राम्रो नभएको उनले टिप्पणी गरिन् । मधेशको शिक्षामा संख्यात्मकमा भन्दा गुणात्मकमा ध्यान दिनुपर्ने बताउँदै उनले यसअघि देखिनै विद्यार्थी भर्नामा जोड दिइएको तर गुणस्तरमा ध्यान नदिएको टिप्पणी गरिन् । त्यस्तै, मधेशी एकता समाज नेपाल संयोजक डा.बबी सिंहले भने नेपालमा शिक्षा खस्केको नभई राम्रो हुँदै गएको टिप्पणी गरिन् । 'पहिला छोरीहरू स्कुल जाँदैनथे, अभिभावकले पटाउँदैनथे तर अहिले निजीदेखि सरकारीसम्मका स्कुलहरू छोरीबाट भरिभराउ छन्'उनले भनिन् । उनले शिक्षा, कर्मचारीदेखि लिएर हरेक क्षेत्रमा मधेसले टप गर्दै आएको समेत दाबी गरिन् । 'यो शिक्षाकै कारणले भएको हो तर राज्यको पूर्वाग्रहीका कारण मधेशीहरूले स्थान पाएनन' उनको भनाइ थियो ।

फाउन्डेसनका अध्यक्ष डा.सूर्य यादवको सभापतित्वमा भएको कार्यक्रममा सामाजिक अभियन्ता बुद्धसेन चौधरीले मधेशको शिक्षाको गुणस्तर मधेशकै कारण कमजोर भएको टिप्पणी गरे । उनले भने, 'म विभिन्न स्कुलमा गएर हेरेँ त्यहाँका कक्षाकोठामा छोराभन्दा छोरीहरू धेरै देखेँ, छोराहरू सबै बोर्डिङ स्कुलमा गएका छन्, छोरीहरू सबै सरकारी स्कुलमा छन् ।' उनले मधेशका प्रत्येक विद्यालयमा अहिले स्थानीय शिक्षकहरू भएको बताउँदै सबै शिक्षकहरू राजनीतिमा लागेको टिप्पणी गरे । सिराहाका शिक्षक दिलीप यादवले स्थानीय तहका कारण मधेशको शिक्षा कमजोर भएको बताए । उनले भने, 'स्कुलमा राजनीतिक हस्तक्षेप यति छ कि त्यहाँ चाहेर पनि शिक्षक तथा हेडमास्टरहरुले केही गर्न सक्दैनन्, मधेसको शिक्षा सुधार गर्नका लागि पहिलो स्थानीय तह सुध्रिनुप¥यो । शिक्षा सुधारका लागि राजनीतिकरण अन्त्य गर्नुपर्छ ।'

अर्की वक्ता रेणुका सिंहले मधेशका शिक्षकले पहाडमा पढाउँदा त्यहाँको शिक्षा गुणस्तर राम्रो भएको तर तिनै शिक्षकले मधेशमा पढाउँदा त्यहाँको शिक्षा कमजोर हुन्छ किन ? भन्दै प्रश्न गरिन् । उनले त्यसको मुख्य कारण राजनीति नै भएको बताइन् । मधेशको शिक्षाको गुणस्तर कमजोर हुनुको कारण त्यहाँका अभिभावक र शिक्षक नै भएको उनको भनाइ थियो । उनले भनिन्, 'परीक्षामा विद्यार्थीहरूलाई चिट कसरी चोरी गर्ने भनेर शिक्षकले नै सिकाउँछन् । ती विद्यार्थीका अभिभावक गर्व गर्छन् ।' प्राध्यापक महेश चौधरी तथा अधिवक्ता डा.मोहम्मद रिजवानले पनि मधेशको शिक्षा सुधार गर्नका लागि मधेशमा हुने राजनीति नै दोषी भएको टिप्पणी गरेका थिए ।

*यदि तपाईंसित जित्ने आकांक्षा छ भने आधा जित भइसकेको छ, यदि छैन भने आधा हारिसक्नु भएको छ । –डेबिड एम्ब्रोज*

## सम्पादकीय

### असारमा ३० देखि ५० प्रतिशत खर्च

*कहीँ नभएको जात्रा हाँडिगाउँमा भनेजस्तै सरकारको बजेट खर्चमा देखिएको छ । केन्द्र सरकारमा जस्तै प्रदेश सरकारमा पनि असार महिनामा मात्रै बजेट सकाउने ध्याउन्नले यो वर्ष पनि रेकर्ड ताडेको छ । एकातिर निर्माण व्यवसायी नै सरकारबाट मोटो रकम पाइएन भन्दै आन्दोलन गरिरहेका छन् । अर्कातिर सरकारको तथ्यांक हेर्ने हो भने बाँकी ११ महिनामा भन्दा बढी बजेट खर्च असार महिनामा मात्र भएको देखिएको छ । यसपटक पनि असार महिनामा मधेश प्रदेश सरकारको यस्तै तथ्यांक बाहिर आएको छ । राजनीतिक अस्थिरता र कर्मचारी संयन्त्रको ढिलासुस्ती र अभावका कारण मधेश प्रदेश सरकारको ठूलो रकम फ्रिज भएको छ । यति हुँदाहुँदै पनि असारमा भएको विकास बजेट भुक्तानीको तथ्यांकले भने भन्छ, 'सुशासनको खिल्ली उडाउने काममा जुनसुकै सरकार आए पनि पारा उस्तै हो ।' सुशासनको कुरा सत्तामा पुग्ने भरेङ मात्रै हो । सत्तामा पुगेपछि सुशासनको विषय गौण बन्ने गरेको छ ।*

*यो वर्ष मधेश प्रदेश सरकारको १९ अर्ब ५२ करोड रुपैयाँ अर्थात ४६ प्रतिशत रकम फ्रिज भएको छ । मधेश प्रदेशमा आर्थिक वर्ष २०८०–८१ का लागि ४४ अर्ब ११ करोड ४६ लाख रुपैयाँ भन्दा बढीको बजेट बनाइए पनि २४ अर्ब ५९ करोड ४५ लाख रुपैयाँ मात्र खर्च हुनु आफैँमा दुखद हो । चालुतर्फ १८ अर्ब ५३ करोड ८८ लाख रुपैयाँ विनियोजन गरेको मधेश प्रदेश सरकारले ९ अर्ब २९ करोड ७० लाख रुपैयाँ खर्च गरेको छ । पुँजीगततर्फ २५ अर्ब ५७ करोड ५७ लाख रुपैयाँमध्ये १५ अर्ब २९ करोड ७५ लाख रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ । उसो त मधेश सरकारले आर्थिक वर्ष २०८१ को अन्तिम असार मसान्तमा मात्र कुल बजेट खर्चको ३०.२२ प्रतिशत खर्च गरेर रेकर्ड ताडेको छ । यति मात्र होइन, यो त औसत हिसाब मात्र हो । केही मन्त्रालयले त असार महिनामा मात्र ५० प्रतिशत खर्च गरेका छन् । यो भन्दा भद्दा मजाक सुशासनमा के हुन सक्छ ? सुस्त गतिमा बजेट खर्च गरेको मधेश सरकारले ११ महिनाको तुलनामा असार मसान्तमा मात्रै बढी खर्च गर्नु पर्ने बाध्यता के हुनसक्छ ?*

*वन तथा वातावरणले आर्थिक वर्ष २०८१ मा सबैभन्दा बढी बजेट खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा कम २७.०७ प्रतिशत बजेट खर्च गरेको छ । वन मन्त्रालयका लागि १ अर्ब ८५ करोड २५ लाख ४९ हजार ९ सय ६४ रुपैयाँ विनियोजन गरिएकामा त्यसको ७२.१० प्रतिशत अर्थात १ अर्ब ३३ करोड ५६ लाख ३१ हजार २ सय ३ रुपैयाँ खर्च भएको छ । वन मन्त्रालयले जेठ मसान्तसम्ममा ४६.३१ प्रतिशत बजेट खर्च गरेकामा असारमा मात्र २५.७९ प्रतिशत बजेट खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले समेत जेठ मसान्तसम्ममा ३४.२६ प्रतिशत बजेट खर्च गरेकामा असारमा ३२.६७ प्रतिशत बजेट खर्च गरेको छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले भने असार मसान्तमा मात्र ५० प्रतिशतभन्दा बढी बजेट खर्च गरेको छ । यो तथ्यांकले भन्छ, देशमा मात्र होइन, मधेशमा पनि विकास हुन असार नै आउनु पर्छ ।*

### लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# नेपाली भाषाको स्तरीकरणको चासो

*"मानिस सिमानाले एकै देशका जनता भनिन बाध्य पारे पनि हृदयले जोडिन सकेनन् भने आफ्नो भूगोलको अस्तित्व संरक्षण गर्न प्रेरित हुँदैनन् । जसले नेपाल राज्यको अस्तित्व जोगाइदियो, ती पहलकर्ता पृथ्वीनारायण र जसले नेपाली भाषाका माध्यमबाट नेपाल र नेपाली भन्ने भावना जगाइदियो, ती जागरणकर्ता भानुभक्तलाई मान्न, तिनप्रति श्रद्धा व्यक्त गर्न र तिनका गुणगान गाउन किन अप्ठेरो मान्ने, किन धक लाग्ने ?"*



श्याम रिमाल

जलवायु परिवर्तनको व्यापक असर पर्नुअघिसम्म जतिबेला वर्षको तेस्रो महिना असार आउँथ्यो, अनि हामीकहाँ वर्षासँगै साहित्य, लोकसाहित्य, संस्कृतिको वर्षा हुन थाल्थ्यो । अहिले त वर्षा वैशाख, जेठमै अर्थात् असमयमै हुने गरेकाले पानी बर्सने वास्तविक महिना असारको महत्त्व पनि घट्दै गएको हो कि भन्ने भान पर्छ । संस्कृतका महाकवि कालिदासको 'मेघदूत' मा वर्णित महिना पनि यही असार नै हो । जुन बेला यक्षले कुबेरका दरबारमा रहेकी आफ्नी प्रियतमालाई पानी पार्ने बादलमार्फत आफ्नो प्रेमसन्देश पठाएका थिए।



मनसुनसँगै असारको वर्षाले दिने जल, शीतलता र हरियालीपूर्ण वातावरणले कवि, गीतकार, लोकगीत सङ्गीतकर्मीका हृदयमा काव्यात्मक रस भरिई अनेकथरिका काल्पनिक–यथार्थ साहित्यिक भावना बग्न थाल्छ । वर्षभरि मर्दापर्दा चाहिने धान रोपेर मङ्सिरसम्म पर्खने नेपाली समुदाय वा जाति असार महिनालाई एउटा पर्वकै रूपमा लिन्छ, अनि मध्यअसार अथवा असार १५ लाई त दहीचिउरा खाएर धान दिवस वा रोपाइँ महोत्सवकै रूपमा मनाउँछ । विसं १८७१ मा यसै महिनाको अन्तिमतिर नेपाली जातिले भविष्यको आदिकविकै रूपमा भानुभक्त आचार्यलाई पायो र आजपर्यन्त उनका स्मृतिमा भाषासाहित्यको चर्चा गरी राष्ट्रिय एकताको प्रवर्द्धनका लागि केही न केही योगदान गरिरहेका छन्।

असार २९ गते त एक संयोग मात्र न हो, तनहुँ, रम्घाका पण्डित श्रीकृष्ण आचार्य तथा उनका छोरा धनञ्जय आचार्य र बुहारी धर्मावतीका घरमा एक बालक जन्मनुपथ्र्या, जन्मे, तर सो जन्मदिन ती बालकका हजुरबा, बाआमा तथा परिवार र वंशजका लागि मात्र नभई अहिले विश्वभर नै जहाँ जहाँ नेपाली जाति र नेपाली भाषाको प्रचारप्रसार भएको छ, त्यहाँ त्यहाँ हर्षाेल्लास र गौरवका साथ मनाइन्छ र नेपाली जातीय–राष्ट्रिय एकतामा बल दिइन्छ । आचार्य भाषिक, साहित्यिक, धार्मिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा मात्र नभएर राजनीतिक क्षेत्रमा पनि चर्चाका पात्र बनिसकेका छन् र एकाधबाहेक सर्वत्र उनको गुणगान नै गाइन्छ, कमजोरी उधिनिन्न।

वाल्मीकिको 'रामायण' लाई मौलिक नेपाली भाषामा गरेको उनको अनुवाद कर्म नै नेपाल र नेपाली जातिका लागि एक युगीन, कालजयी काम हुन गयो। 'भानुभक्तको रामायण' खाली भाषा र साहित्यका लागि मात्र नभई हाम्रो धर्म, संस्कृति, दिनचर्या, राष्ट्रियता, जातीयता, सार्वभौमिकताका लागि अपूर्व र अनुपम कृति भइदियो। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका, बाइसे–चौबिसे राज्य आदिलाई भौगोलिक एकीकरण गरेर अस्तित्वमा जान लागेको नेपाल राज्यको पुनःस्थापना गरी नेपालीको अस्तित्व, गौरव र सानलाई जसरी पुनर्जीवित गरे, आचार्यले भावनात्मक एकता गराइदिएर त्यसमा अझै प्राण भरे, नेपाली नेपालीभित्रको नेपाली राष्ट्रियता–नेपाली जातीयता र नेपालीपनलाई ब्युँताइदिए । तत्कालीन नेपाल सरकारले दुवै व्यक्तित्वलाई 'राष्ट्रिय विभूति' भनी दिएको उपाधिले न्याय पनि दिएको छ।

भूगोल अर्थात् माटो मात्रले कुनै जाति, समुदाय, देशका जनता एकाकार हुन सक्दैनन्, तिनका मन र मुटुमा पनि एउटै देशीय रगत बगेको हुनुपर्छ। मानिस सिमानाले एकै देशका जनता भनिन बाध्य पारे पनि हृदयले जोडिन सकेनन् भने आफ्नो भूगोलको अस्तित्व संरक्षण गर्न प्रेरित हुँदैनन् । जसले नेपाल राज्यको अस्तित्व जोगाइदियो, ती पहलकर्ता पृथ्वीनारायण र जसले नेपाली भाषाका माध्यमबाट नेपाल र नेपाली भन्ने भावना जगाइदियो, ती जागरणकर्ता भानुभक्तलाई मान्न, तिनप्रति श्रद्धा व्यक्त गर्न र तिनका गुणगान गाउन किन अप्ठेरो मान्ने, किन धक लाग्ने ?

पृथ्वीनारायणले आफूहरूको भौगोलिक अस्तित्व मेटिदिएको र केन्द्रीकृत राज्य चलाएकाले उनलाई एकाथरिले साम्राज्यवादी–विस्तारवादी तथा निरङ्कुश राजाको आरोप लगाउनेले के चाहिँ बुझ पचाएरै नबुझे जस्तो गरिरहेका छन् भने, छेवैमा आउनै लागेको मुसलमान र अङ्ग्रेज सेनालाई पराजित नगरेको भए गोरखा राज्यको विस्तारित रूप नेपाल भन्ने राज्य यतिबेला अस्तित्वमै नरहने तथ्य करिब करिब शतप्रतिशत सत्य हो।

आपसमा लडाइँ–झगडा गरिरहने छिमेकी राज्यहरूको कमजोरी बुझेका विदेशी विस्तारवादीले ससाना मुलुक सजिलैसित हडप गर्थे र आफ्नो राज्यमा मिलाउँथे। कथं ससाना राज्य बचेकै भए पनि अहिले नजिकैको कुनै भूमि पुग्न अनेक झमेला भोग्नुपथ्र्यो । त्यसैले आफ्नो अस्तित्वकर्ता पृथ्वीनारायणलाई सम्मान र श्रद्धा व्यक्त गर्नु हाम्रो कर्तव्य हो। त्यस्तै जसले आफ्नो भाषा दियो, संस्कृति दियो, पहिचान दियो, तिनै भानुभक्तलाई पनि उत्तिकै नमन गर्नु हाम्रो दायित्व हो।

'बधूशिक्षा' काव्यमार्फत महिलालाई होच्याउने कवि भनेर एकथरिले उनको उछित्तो काढ्नु पनि त्यसबेलाको राष्ट्रिय परिवेशलाई बुझ्न नसक्नु हो । सामान्य कविता लेखेर वाचन गर्ने कविलाई त हामी वाहवाही गर्छाैं भने 'भक्तमाला', 'रामगीता' 'प्रश्नोत्तर' जस्ता काव्य र तत्कालीन प्रशासनिक विकृति आदि उजागर गर्ने फुटकर कविता लेख्ने कविप्रति सम्मान गर्नु त सम्यक नै होला।

'रामायण' भानुभक्तको मौलिक काव्य होइन, तथापि त्यसमा प्रशस्त नेपालीपन, भाषा, शैली छ जसलाई सबै जातजातिका साक्षर नेपालीले लय हालेर पढ्न सके र विश्वको प्रथम खण्डकाव्यमा रहेको विषयवस्तुको रसास्वादन गर्न पाए। साक्षरले पढेका श्लोकलाई निरक्षर नेपालीले पनि सुनेर कान र मनलाई आनन्दमय बनाए, धर्मसंस्कृति चिने। आचार्यभन्दा पहिले पनि नेपालीमा लेख्ने कविहरू भएकाले उनलाई नै किन 'आदिकवि' मान्ने भन्ने बहस पनि नेपाली साहित्यमा छ।

अरूले काव्यलेखनमा संस्कृत, हिन्दी, उर्दू आदि मिसमास गर्थे भने भानुभक्तले बहुशब्दहरू नेपाली नै प्रयोग गरे अर्थात् त्यसलाई नेपाली शैलीमा चलाखीपूर्ण ढाले । भारतलाई चिनाउने विश्वकवि रवीन्द्रनाथ ठाकुर जस्तै नेपाललाई विश्वभर चिनाउन सक्ने भानुभक्त आचार्य नै हुन् भन्ने तत्कालीन राणाशासकहरूलाई लागेको पनि हुन सक्छ । नेपालका सबै भाषा राष्ट्रिय भाषा भएकाले अब नेपाली भाषालाई मात्र विशेष महत्त्व दिन मिल्दैन।

नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुन्। देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको कामकाजको भाषा र नेपालीहरूबिचको सम्पर्क भाषा पनि हो। तथापि संविधानले प्रदेशहरूमा भने बहुसङ्ख्यक बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषा प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा निर्धारण हुन सक्ने जनाएको छ । सोहीअनुरूप बागमती प्रदेश सरकारले कानुन नै ल्याएर तामाङ र नेपाल भाषालाई कामकाजका भाषाका रूपमा निर्धारण गरी यसै साल गत वैशाख २४ गते नेवारी वा नेपाल भाषालाई भव्य उद्घाटनबिच आधिकारिक रूपमा प्रयोगमा ल्याइसकेको छ।

यसैगरी सबै प्रदेशमा बहुसंख्यकले बोल्ने भाषालाई सरकारी कामकाजका भाषाका रूपमा ल्याउन सके भाषाहरूको स्तरीकरण, प्रवद्र्धन गर्न सहयोग पुग्ने छ। यसरी नै हरेक प्रदेशमा बोलिने लोप हुन लागेका मातृभाषाहरूको संरक्षण र विकासका लागि सम्बन्धित भाषाको कोश, व्याकरण आदि निर्माण प्रक्रियालाई गति दिनसक्नुपर्छ। सञ्चारमाध्यमहरूले पनि आफ्ना सेवामा विविधता दिनका लागि नेपाली र अङ्ग्रेजी भाषाका अतिरिक्त मातृभाषामा पनि समाचार र कार्यक्रम निर्माण गर्नुपर्छ । राज्यको स्वामित्वमा रहेका गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजनले त्यस दिशामा कदम चालिसकेका छन् र हरेक आर्थिक वर्षमा आफूले प्रवद्र्धन गर्ने मातृभाषाहरू विस्तार गर्दै लगिनुपर्छ। त्यसका लागि सङ्घीय र प्रादेशिक सरकार तथा स्थानीय तहले समन्वय गरी बजेट पनि विनियोजन गर्नुपर्छ।

कुनै पनि भाषा मानव सभ्यताकै एक प्रमुख अङ्ग हो जसको जन्म, हुर्काइ र विकासका लागि हजार वर्ष लाग्न सक्छ। त्यसैले हरेक भाषा मर्न नदिन केन्द्र र प्रदेश सरकार तथा स्थानीय तह संयुक्त रूपमा लाग्नुपर्छ । यसमा सम्बन्धित भाषामा काम गरिरहेका सङ्घसंस्थालाई समेटिनुपर्छ । नेपालका सबै भाषाले फल्नफुल्न पाउनुपर्छ, तिनको अस्तित्व जोगाउनुपर्छ र सबैको प्रवद्र्धन पनि हुनु जरुरी छ।

भानुभक्तका पूर्वज र भानुभक्तले सुरु गरेको नेपाली भाषाको प्रयोगको अवस्था अहिले एकरूपता, स्तरीकरण र मानकीकरणको विवादसम्म आइपुगेको छ । व्यक्तिपिच्छे, संस्थापिच्छे यसको प्रयोगमा अनेकता व्याप्त छ। बालबालिका र विद्यालयदेखि विश्वविद्यालयहरूमा वर्ण र वर्णविन्यास लेखनमा आएको विभिन्नता र विविधताले सबैलाई पिरोलेको छ । भाषाविद्, वैयाकरण र प्रयोक्ताबीच यस सम्बन्धमा अहंसमेत जोडिएर आएको छ। भाषा विवादको कुरा सङ्घीय सरकार र अदालतसम्म पुगेको अवस्था रह्यो।

सर्वाेच्च अदालतले भाषाको प्रयोगमा सरकारी संस्थाहरूले आदेश दिएर दबाब दिने र लाद्न नमिल्ने भनी फैसला नै गर्नुपर्‍यो। अब अदालतको आदेशानुसार सरकारी सङ्घसंस्था भाषा आयोग, नेपाल प्रज्ञा –प्रतिष्ठान, त्रिविलगायत विश्वविद्यालय, साझा प्रकाशन, पाठ्यक्रम विकास केन्द्रलगायतले भाषाको स्तरीकरणका लागि भाषाविद्, वैयाकरण, सञ्चारमाध्यमलगायत प्रयोक्ता आदिको सहभागितामा छलफल, बहस, गोष्ठी, सम्मेलन आयोजना गरेर भाषा, व्याकरण, वर्णविन्यासका सम्बन्धमा एउटा निर्णयमा पुग्नु जरुरी छ।

यिनको जन्ममिति १८६९ भनिनेदेखि 'भर्जन्म घाँसतिर मन दिई धन कमायो...मो भानुभक्त धनी भैकन आज यस्तो' कवितामा प्रयुक्त 'मो' युवककवि मोतीराम भट्ट, जसले 'भानुभक्तको जीवनी' लेखी प्रकाशनमा ल्याए, को सम्म भनेर विवाद पनि भयो। 'बधूशिक्षा' लाई आधुनिक समालोचकले तल्लोस्तरको भनी टिप्पणी पनि गरे। छोरा रमानाथलाई काठमाडौँबाट लेखिएको चिट्ठीमा उनी निकै कू्रर देखिएका छन् । यी त तपसिलका कुरा हुन् । मूल कुरा उनको योगदानको क्षेत्र र कमजोरीभन्दा गुण नै बढी चर्चा गरी उनले उत्तराधिकारका रूपमा छाडेको नेपाली भाषा र सबै मातृभाषा जोगाउनु हामी सबैको दायित्व हो । आफ्नोपहिचानको भाषाको विद्रुपीकरणले हाम्रो राष्ट्रियतामाथि नै आँच पुग्न सक्ने कुरामा दूरदृष्टि हुनुपर्छ।

अर्का महत्वपूर्ण कुरा भने भानुजन्मस्थल तनहुँ, रम्घा, चुँदीबेँसीलाई नेपाली भाषा र साहित्यको तीर्थस्थलका रूपमा विकास गरिनुपर्छ। तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीका पालामा ल्याइएको भाषा सङ्ग्रहालयलाई मूर्तरूप दिन योजना तथा कार्यक्रम बनाइनुपर्छ । अझ महत्त्वपूर्ण त भानुजयन्तीलाई नेपालको राष्ट्रिय भाषा दिवसकै रूपमा मनाएर भाषा, नेपाली भाषा र सबै मातृभाषाको महत्त्वबारे व्यापक चर्चा गरिनुपर्छ। रासस

# साहित्यले राष्ट्रलाई अगाडि बढाउँछः सभामुख

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले नेपाली साहित्यको महत्वलाई दर्शाउँदै साहित्यलाई अगाडि बढाउँदै गर्दा त्यसले राष्ट्रलाई अगाडि बढाउने विश्वास व्यक्त गरेका छन् । आदिकवि भानुभक्त आचार्यको २११औँ जन्म जयन्तीको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान र भानु प्रतिष्ठानले यहाँ शनिबार आयोजना गरेको कार्यक्रममा उनले नेपाल जस्तो विभिन्न जातजातिको बसोवास भएको तथा संस्कार संस्कृति रहेको मुलुकमा भाषाले अझ विश्वव्यापी महत्त्व कायम गर्ने बताए ।
वर्तमान आधुनिक युगमा ‘डिजिटलाइज’ गरेर नेपाली साहित्यलाई प्रतिष्ठा बनाउनुपर्ने उनको भनाइ छ । सभामुख घिमिरेले आदिकवि भानुभक्तले गरेको योगदानको सम्मान गर्दै नयाँ पुस्ताले अनुसरण गर्नुपर्नेमा जोड दिए । उनले भानुभक्तले गरेका योगदानलाई समाजमा ल्याउनुका साथै समाजको विकासलाई साहित्यको क्षेत्रबाट अगाडी लैजाने, भाषालाई विकास गर्ने र भाषाको माध्यमबाट विश्वव्यापी रुपबाट राष्ट्रलाई चिनाउनुपर्ने बताए । ‘नेपाल एकीकरण गर्ने सन्दर्भमा तत्कालीन राजा पृथ्वीनारायण शाहले जसरी राष्ट्रलाई भौगोलित रुपबाट एक ठाउँमा ल्याउर विशाल राष्ट्र बनाउने र नेपालीलाई अगाडि बढाउने कुरा एउटा ऐतिहासिक महत्व कायम गर्नुभयो, त्यो आन्दोलनलाई अगाडि बढाउँदै गर्दा वीर रसका धेरै कविता लेखिने गरेको इतिहास छ’ उनले भने । सोही अवसरमा प्रज्ञा–प्रतिष्ठानका कुलपति भूपाल राईले प्रज्ञा–प्रतिष्ठानले सबै भाषा सबै ज्ञानः सबैको प्रज्ञा प्रतिष्ठान भन्ने मूल मन्त्रअनुसार प्रतिष्ठानलाई साझा थलो बनाउने जर्मको गरिरहेको बताए । भानु प्रतिष्ठानका अध्यक्ष डा नवराज लम्सालले आदिकवि भानुभक्तले नेपाली भाषा र साहित्यको क्षेत्रमा पु¥याएको योगदानको चर्चा गरे । भानुजयन्तीका अवसरमा प्रज्ञा–प्रतिठान र भानु प्रतिष्ठानले संयुक्त रुपमा शनिबार बिहान प्रभातफेरिसहित शोभायात्रा गरेको थियो ।
भानु नगरपालिका–४ चुँदीरम्घा, तनहुँमा १८७१ असार २९ गते जन्मिएका आचार्यको १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविका रुपमा परिचित भानुभक्त वाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात छन् । भानुभक्तले ‘प्रश्नोत्तर’, भक्तमाला, बधुशिक्षालगायतका कृति लेखेका छन् भने उनका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उनी नेपाली साहित्यमा चिनिएका थिए । रासस

# चौथो पटक प्रधानमन्त्री बन्दै एमाले अध्यक्ष ओली



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दलको सहकार्यमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली आइतबार नयाँ प्रधानमन्त्रीका रुपमा मुलुकको कार्यकारी नेतृत्व सम्हाल्दै छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रतिनिधिसभाको शुक्रबारको बैठकमा प्रस्तुत गरेको विश्वासको मतसम्बन्धी प्रस्ताव पारित नभएपछि नयाँ सरकार गठनको प्रक्रिया शुरु भएको हो ।

नेपाली कांग्रेस र एमालेबीच यही असार १७ गते भएको सहमतिका आधारमा अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुन लागेका हुन् । राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार नेपालको संविधानको धारा ७६ (२) बमोजिम प्रतिनिधिसभामा रहेका दुई वा दुईभन्दा बढी दललाई प्रधानमन्त्रीको दाबी पेस गर्न आइतबार अपराह्न ५ बजेसम्मको समय दिएका छन् । राष्ट्रपति कार्यालयबाट नयाँ प्रधानमन्त्री नियुक्तिका निम्ति सूचना जारी भएलगत्तै दुई दलले ओलीलाई उक्त पदमा नियुक्त गर्न दाबी पेस गरिसकेका छन् ।

चौथो पटक प्रधानमन्त्री हुन लागेका अध्यक्ष ओलीलाई राष्ट्रपति पौडेलले आइतबार नियुक्त गर्ने प्रबल सम्भावना रहेको दुवै दलका दोस्रो तहका केही नेताहरुले बताएका छन् । एमालेका प्रमुख सचेतक महेश वर्तौलाले राष्ट्रपति पौडेलबाट प्रधानमन्त्रीमा अध्यक्ष ओलीलाई नियुक्तिपछि सोमबारभित्रै पद तथा गोपनीयताको शपथ लिने तयारी भएको जानकारी दिए । पहिलो चरणमा सानो मन्त्रिपरिषद् गठन गर्न कांग्रेस र एमाले गृहकार्यमा जुटेका छन् ।

## प्रतिनिधिसभाको बैठक सोमबार

प्रतिनिधिसभाको आइतबारका लागि निर्धारित बैठक सोमबारका लागि सरेको छ । आइतबार अपराह्न ३ बजेका लागि तय भएको बैठक विशेष कारणले सो समयमा बस्न नसक्ने भएकाले सोमबार अपराह्न १ बजे बस्नेगरी निर्धारण गरिएको सङ्घीय संसद् सचिवालयले शनिबार सूचनामार्फत जानकारी गराएको छ ।

यसैगरी आइतबार अपराह्न १:१५ मा बस्नेगरी निर्धारण भएको राष्ट्रियसभाको बैठक पनि सोमबार बिहान ११:३० बजे बस्नेगरी तय भएको संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा सूचनामा जनाइएको छ ।

यसअघि अध्यक्ष ओली २०७२, २०७४ र २०७८ सालमा गरी तीन पटक प्रधानमन्त्री भइसकेका छन् । लोकतन्त्र प्राप्तिको सङ्घर्षमा लागेका उनले लामो समय निरङ्कुश पञ्चायती शासन व्यवस्थामा कारबास भोगेका थिए ।

## मन्त्री छान्ने जिम्मा अध्यक्ष ठाकुरलाई

नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा गठन हुने सरकारमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सहभागी हुने निर्णय गरेको छ । पार्टी कार्यालय बबरमहलमा बसेको संसदीय दलको बैठकले सरकारमा सहभागी हुने मन्त्रीको नाम टुङ्गो लगाउने जिम्मा अध्यक्ष महन्थ ठाकुरलाई दिएको पार्टीका सचेतक रामप्रकाश चौधरीले जानकारी दिए ।
सोही बैठकले बाढीपहिरो र डुबानबाट प्रभावित जनतालाई तत्काल प्रभावकारी राहत उपलब्ध गराउन सरकार र राजनीतिक दललाई आग्रह गरेको छ । बैठकले पहिराका कारण त्रिशूली नदीमा खसेर बेपत्ता भएको दुईवटा बसको खोजी चुस्त बनाउन सरकारको ध्यानाकर्षणसमेत गराएको उनले जानकारी दिए ।

# कांग्रेसद्वारा मन्त्री छनोटको मापदण्ड तय

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसले सरकारमा सहभागी हुने मन्त्रीहरु छनोटको मापदण्ड तय गरेको छ । शनिबार पार्टी केन्द्रीय कार्यालयमा बसेको कांग्रेस कार्यसम्पादन समितिको बैठकले मन्त्री छनोटको मापदण्ड तय गरेको नेपाली कांग्रेस प्रवक्ता डा.प्रकाशशरण महतले जानकारी दिए ।
कार्यसम्पादन समितिको बैठकले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा बन्ने सरकारमा सहभागी हुने निर्णय गर्दै मन्त्री छनोटको मापदण्ड तय गरेको हो । प्रवक्ता महतले योगदान, योग्यता, समावेशीता र प्रादेशिक सन्तुलन मिलाएर मन्त्री छनोट गरिने र सकेसम्म सरकारमा सहभागी हुने मन्त्रीको नाम एकै पटक पठाउने बताए ।
बैठकको निर्णयबारे जानकारी दिदै प्रवक्ता महतले भने, ‘कांग्रेस र एमालेबीच असार १७ गते भएको राष्ट्रिय सहमतिको सरकारका गठबन्धनसम्बन्धी सहमति भएअनुसार संविधानको धारा ७६ (२) बमोजिम गठन हुने एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा कांग्रेस सहभागी हुने निर्णय गरेका छौं । कांग्रेसको तर्फबाट सरकारमा सहभागी हुने मन्त्री चयन गर्दा मुख्य दुई आधार मान्ने निर्णय भएको छ । जसमा समावेशीता र प्रादेशिक सन्तुलन दृष्टिगत गरेर चयन गर्ने निर्णय बैठकले गरेको छ ।’ शपथग्रहण हुँदासम्म कांग्रेसले मन्त्रीको नाम टुंग्याउने गरी आन्तरिक गृहकार्य भइरहेको उनको भनाइ छ ।



कांग्रेस र एमाले दुई दलबीच अहिलेसम्मको अनुभवबाट संविधानको आवश्यक संशोधन, राजनीतिक स्थिरता, आर्थिक स्थितिको सुधार गर्ने समझदारी बनेको उनले बताए । ‘संविधान संशोधनको विषय महत्त्वपूर्ण छ । कहाँ सम्बोधन गर्नुपर्ने हो ती कुरालाई हेर्छौं,’ महतले भने, ‘समग्रमा देशलाई गति दिने, सरकारको स्थिरता सुनिश्चितता गर्ने, विपक्षी र अन्य दलको सहयोगसमेत लिएर देशलाई आर्थिक, सामाजिक रूपमा गति दिन लाग्छौं । वैदेशिक सम्बन्धलाई सुदृढ गर्छौं ।’
त्यसैगरी बैठकले नारायणगढ मुग्लिङ सडकको सिमलतालमा पहिरोमा परेर दुई बस त्रिशूली नदीमा खस्दा करिब ५ दर्जन भन्दा बढी यात्रुहरू अज्ञात रहेको घटना, कास्कीमा एकै परिवारका ७ जनासहित ११ जना मृत्यु भएको घटना तथा अविरल वर्षाका कारण देशभरि विभिन्न भूभागमा बाढी, पहिरो र डुबानमा परी भएको जनधनको ठुलो क्षतिप्रति कार्य सम्पादन समितिको बैठकले गहिरो समवेदना व्यक्त गर्दै युद्धस्तरमा उद्धार, हराएकाहरूको खोजी, नागरिकलाई सुरक्षित स्थलतर्फ स्थानान्तरण, घाइतेको उपचार र राहतको कार्यमा सक्रियताका साथ लाग्न सम्बन्धित निकायसँग आग्रह गरेको छ ।
कांग्रेस र एमाले मिलेर नयाँ सत्ता समीकरण बनाउने प्रक्रिया अगाडि बढेपछि कांग्रेसले सरकारमा सहभागितासहितको विषयका छलफल गर्न बैठक राखेको हो । शुक्रबार प्रतिनिधिसभा बैठकमा विश्वासको मत नपाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पदमुक्त भएका थिए । त्यसपछि राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार साँझ ५ बजेसम्मको समय दिएर नयाँ सरकार गठनको आह्वान गरेका छन् । शुक्रबार नै कांग्रेसको समर्थनमा एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकार गठनको लागि दाबी पेश गरेका छन् ।

# ‘लोकतन्त्रको रक्षार्थ अदालत र प्रेस सँगसँगै’




**काठमाडौँ ।**
सूचना–प्रविधिको बदलिँदो स्थितिमा न्यायालय र पत्रकारिता विगतमा झै जनताको लोकतान्त्रिक अधिकारको रक्षार्थ एक ठाउँमा उभिनुपर्नेमा जोड दिइएको छ । सर्वोच्च अदालत र संवैधानिक तथा न्यायिक पत्रकार मञ्चद्वारा शनिबार आयोजित ‘अदालती रिपोर्टिङ र सञ्चारमाध्यम’ विषयक अन्तक्रिया कार्यक्रममा वक्ताहरुले पत्रकारले न्यायलयप्रति नागरिकका प्रश्न राख्न तथा न्यायालयले विधि र विवेकसम्म रुपमा न्याय दिन सकेमा समाजको विकासमा मद्दत पुग्ने बताए ।
कार्यक्रममा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउतले कलमको निबमा भएको अजेय शक्तिलाई पत्रकारले दुरुपयोग गर्न नहुने र न्यायालयले विकृति, विसङ्गतियुक्त रुपमा आफ्ना गतिविधि गर्नुपर्ने बताए । ‘मिडियाले देखेको सत्य कुरा निष्कलङ्क रुपमा लेख्नुपर्छ, कसैलाई खुइल्याउने नियतले समाचार लेखेमा वा अदालतको हुर्मत लिने काम भएमा उदार लोकतन्त्रको मून्य र मान्यता बचाउन सकिंदैन, त्यस्तो अवस्थामा प्रेस स्वतन्त्रताको पनि रक्षा हुन सक्दैन’, न्यायाधीश राउतले भने, ‘प्रेस र न्यायालयबीच सहकार्य बढाउन हामी तयार छौँ, त्यो सहकार्य नियोजित स्वार्थमा आधारित नहोस् भन्ने हाम्रो चाहना हो ।’
सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँलले संविधानमा सूचनाको हक र प्रेस स्वतन्त्रताको हकको व्यवस्था गरिएकाले त्यसको सही कार्यान्वयनका लागि न्यायालय तथा पत्रकारिताबीचको दोहोरो संवाद आवश्यक रहेको बताए । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले अदालतको सारथिका रुपमा प्रेस रहेको जनाउँदै प्रेसमाथि कुनै पक्षले हस्तक्षेप गरेमा बचाउन सक्ने थलो नै अदालत भएको स्पष्ट गरे । नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष एवं मञ्चका पूर्वअध्यक्ष शिव गाउँलेले नागरिकका पक्षमा अदालतमाथि प्रश्न गरिरहन सक्ने गरी सत्य र तथ्यपूर्वक पत्रकारिता गर्नुपर्नेमा जोड दिए । नेपाल बार एशोसिएशनका महासचिव अञ्जिता खनालले अदालती प्रयोगमा रहेका भाषा र नजिरहरुको अध्ययन गरेर पत्रकारिता गर्दा त्यो सार्थक हुने सुझाव दिइन् । मञ्चका अध्यक्ष कालिका खड्काले अदालत र मञ्चको सहकार्यमा अदालती समाचार सङ्कलनका लागि दिग्दर्शन तयारी भइरहेकाले त्यसमा सुझावका लागि छलफल राखिएको जानकारी दिइन् । मञ्चका पूर्वअध्यक्ष यम विरहीले उक्त दिग्दर्शनको मस्यौदामा समेटिने विषयवस्तुबारे प्रस्तुतिकरण गरेका थिए । रासस

# मुख्यमन्त्री सोडारीलाई राजीनामा दिन तीन दलको आग्रह

**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले आफ्नो पदबाट राजीनामा दिन नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी(एमाले) र नागरिक उन्मुक्ति पार्टीले संयुक्त रुपमा आग्रह गरेका छन् । ती दलद्वारा शनिबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा प्रदेशसभामा मुख्यमन्त्री अल्पमतमा परिसक्नुभएकाले तत्काल पदबाट राजीनामा दिन ती पार्टीका संसदीय दलका नेताले संयुक्त माग गरेका हुन् ।
पत्रकार सम्मेलनमा कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले मुख्यमन्त्रीले तत्काल राजीनामा दिँदा नयाँ सरकार गठन र बजेट ल्याउन सहज हुने बताए । उनले भने, ‘अल्पमतमा परिसकेपछि मुख्यमन्त्रीले पद ओगटेर बस्नु उचित हुँदैन ।’ पत्रकार सम्मेलनमा एमाले संसदीय दलका उपनेता सन्तोष थापा शर्मा, नागरिक उन्मुक्ति पार्टीका नेता घनश्याम चौधरीले मुख्यमन्त्रीलाई राजीनामा गर्न आग्रह गरे । संघमा नयाँ सत्तासमीकरण परिवर्तन भएसँगै एमाले प्रदेशका मुख्यमन्त्री सोडारीलाई दिएको



समर्थन यही असार २३ गते फिर्ता लिएको थियो । एमालेले समर्थन फिर्ता लिँदै पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाएपछि मुख्यमन्त्री अल्पमतमा परेका हुन् । एमालेले सरकारबाट बाहिरिएसँगै सरकारले आगामी आर्थिक वर्ष २०८१÷८२ का लागि ल्याएको बजेट पारित हुने वा नहुने भन्नेमा अन्योल देखिएको छ । बजेट माथिको छलफल प्रदेशसभामा अझै सुरु हुन सकेको छैन ।
नयाँ गठन हुने सरकारले सोडारी नेतृत्वको सरकारले ल्याएको बजेट पारित नगरेर अध्यादेशमार्फत अर्को बजेट ल्याउने तयारी गरेको कांग्रेसका प्रमुख सचेतक विक्रमसिंह धामीले बताए । प्रदेश सरकार गठनका लागि २७ सदस्यको बहुमत आवश्यक हुन्छ । त्रिपन्न सदस्यीय प्रदेशसभामा कांग्रेसका १८, नेकपा (माओवादी केन्द्र)का सभामुखबाहेक १०, एमालेका ११, नागरिक उन्मुक्ति पार्टीका सात, नेकपा (एकीकृत समाजवादी) पार्टीका चार, राप्रपाको एक र एक स्वतन्त्र सदस्य छन् । रासस

# सम्पदा निर्माण गर्दा सङ्घीय सरकारसँग आर्थिक सहयोग नलिने




**ललितपुर ।**
**ललितपुर** महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले महानगरभित्रका पुरातात्विक सम्पदा निर्माण गर्दा सङ्घीय सरकारसँग आर्थिक सहयोग नलिने बताएका छन् । ललितपुरको सुनाकोठीस्थित भृङ्गारेश्वर महादेव मन्दिर प्राङ्गणमा भृङ्गारेश्वर धाम निर्माण गर्न आगामी कात्तिक ६ गतेदेखि १३ गतेसम्म हुने श्रीमद्भागवत् ज्ञान महायज्ञ(आध्यात्मिक महोत्सव)को सङ्कल्पसभाको उद्घाटन गर्दै प्रमुख महर्जनले मठमन्दिर, देवालय, शिवालयलगायत पुरातात्विक सम्पदा बनाउँदा महानगरको आन्तरिक स्रोतबाट खर्च गरिने जानकारी दिए ।

'सङ्घीय सरकारसँग खर्च लिएर पुरातात्विक शैलीको मठमन्दिर, देवालय, शिवालय निर्माण गर्दा प्रक्रिया लामो हुन्छ । ठेकेदारले पनि लिच्छविकालीन, मल्लकालीन मठमन्दिर, सम्पदाहरु पुरानै शैलीमा निर्माण गर्दैनन्' उनले भने, 'पाटन दरबारको भीमसेन मन्दिर, देगु तलेजु, बालकुमारीको बालकुमारी मन्दिर महानगरले उत्कृष्ट तरिकाले निर्माण गरेको छ । कुनै समस्या भएको छैन ।' मठमन्दिर, देवालय, शिवालय निर्माणमा नेतृत्व राम्रो भयो भने खर्च अभाव नहुने भन्दै महर्जनले काम गर्ने जोशजाँगर र इच्छाशक्ति हुनुपर्नेमा जोड दिए । सुनाकोठीमा सञ्चालन हुने महायज्ञले यस क्षेत्रको धार्मिक तथा पर्यटकीय महत्वको प्रचारप्रसार गर्नुका साथै आर्थिक सङ्कलनमा महत्वपूर्ण भूमिका निर्वाह हुने उनको भनाइ छ ।

महायज्ञ सम्पन्न भएपछि मात्रै निर्माण सुरु हुनेगरी तालिका सार्वजनिक गर्नुपर्ने बताउँदै महानगर प्रमुख महर्जनले पुनःनिर्माणका लागि खर्च अभाव नहुने प्रतिबद्धता व्यक्त गरे । 'यो ठाउँ मुलुकको भ्रमण गर्नैपर्ने ठाउँ हो भनेर प्रचारप्रसार गर्न जरुरी छ । प्रभावकारी निर्माणका लागि सबैको सहयोग र सहकार्य आवश्यक छ' उनले भने । महायज्ञका कथा वाचक प्रविण पण्डित दीनबन्दु पोखरेलले आध्यात्मिक साधन गर्न नेपाल सर्वोच्चस्थल भएको भन्दै विश्वलाई आध्यात्मिकवादमार्फत शान्तिको सन्देश दिन यहाँका धार्मिक, ऐतिहासिक स्थलको विश्वमा प्रचारप्रसार गर्नुपर्नेमा जोड दिए । 'आध्यात्मिक साधनाका लागि नेपाल सर्वोच्चस्थल हो । यहाँ विश्वले भ्रमण गर्नैपर्ने स्थान छन् । सांस्कृतिक हिसाबले ललितपुर उत्कृष्ट छ, सुनाकोठीको यो भृङ्गारेश्वर क्षेत्रलाई आध्यात्मिक पर्यटकीय नगरीका रुपमा अन्तरार्ष्ट्रियरुपमा विकास गराउनुपर्छ । महायज्ञका लागि विश्वासगरी शुभअवसर प्रदान गर्नुभएकामा गौरवान्वित छु' पण्डित पोखरेलले भने ।

ललितपुर–२७ का वडाध्यक्ष कृष्णहरि महर्जनले सुनाकोठीको महायज्ञ सञ्चालनबाट पहिचान उजागर हुने तथा ऐतिहासिक महत्व अझै बढी प्रचारप्रसार हुने धारणा राख्दै यसका लागि सबैले आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नुपर्ने बताए । प्राचीनकालमा निर्मित भृङ्गारेश्वर विसं १९९० को भूकम्पले भत्काएपछि पुरानो शैलीमा मन्दिर निर्माण भएको थिएन । उक्त मन्दिरलाई पुरानै शैलीमा निर्माण गर्न महानगरको सहयोगमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) प्रक्रिया अघि बढेको छ ।

ऐतिहासिक सम्पदाका रुपमा रहेको भृङ्गारेश्वर महादेव मन्दिरको पुनःनिर्माण गरेर यहाँका पूर्वाधारलाई थप व्यवस्थित बनाउनुपर्ने भृङ्गारेश्वर सुधार तथा बुद्धसेवा समितिका अध्यक्ष रामचन्द्र महर्जनले बताए । उनका अनुसार यहाँ बालकुमारी त्रिपुरासुन्दरी, जगन्नाथ, गणेश र भृङ्गारेश्वर महादेव मन्दिरलगायत ऐतिहासिक सम्पदा रहेका छन् । विसं २०७२ को भूकम्पले क्षति गरेका कतिपय ऐतिहासिक संरचना भने पुनःनिर्माण भइसकेका छन् । रासस

# डिजिटल ठमेल निर्माणलाई अगाडि बढाइने

**काठमाडौँ ।**
मुलुकको सङ्घीय राजधानी काठमाडौँको प्रमुख पर्यटकीय गन्तव्य ठमेललाई 'डिजिटल ठमेल'का रुपमा अगाडि बढाइने भएको छ । ठमेल पर्यटन विकास परिषद्को यही असार ३१ गते हुन लागेको निर्वाचनको पूर्वसन्ध्यामा अध्यक्षका प्रत्यासी भविश्वर शर्मा समूहको 'उम्मेदवार परिचयात्मक' कार्यक्रममा अध्यक्षका उम्मेदवार शर्माले ठमेललाई डिजिटल रुपमा अगाडि बढाउन आफूले अध्यक्षमा उम्मेदवारी दिएको बताए । 'हामीले स्थानीय सरकारसँगको सहकार्यमा ठमेलभित्रका देखिएका समस्या समाधान गरे पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचित ठमेललाई प्रविधिको विकाससँग जोड्न नसकेकाले डिजिटल ठमेललाई प्राथमिकतामा राखेका छौँ' उनले भने ।

अध्यक्ष शर्माले आफू निर्वाचित भएर डिजिटल ठमेललाई पहिलो प्राथमिकतामा राखी पर्यटन विकास परिषद्को आफ्नो वेबसाइटमार्फत सम्पूर्ण व्यवसायी तथा घरधनीको तथ्याङ्क सङ्कलन गरी स्वदेशी तथा विदेशी पर्यटकले आफूलाई चाहिने जानकारी सहजै प्राप्त गर्नसक्ने बनाउन लागिएको बताए । ठमेललाई विशेष पर्यटकीय क्षेत्र घोषणा गरिने, शान्ति सुरक्षालाई व्यवस्थापन गरिने, ट्राफिक तथा फोहर व्यवस्थापन, तार तथा सडकबत्ती व्यवस्थापन, घरबेटी र व्यवसायीबीच सुमधुर सम्बन्ध राखिने उनले बताए ।

अध्यक्षका अर्का उम्मेदवार धुव्र अधिकारीले विगत कार्यसमितिले अगाडि सारेका सकारात्मक योजनालाई पूरा गर्न आफूले उम्मेदवारी दिन लागेको बताए । उनले व्यवस्थित ठमेल निर्माणका लागि यहाँभित्रका घरबेटी र व्यवसायीबीच सहकार्य गरेर अगाडि बढ्ने उल्लेख गरे । सफा, सुन्दर र सुरक्षित ठमेल आफ्नो सङ्कल्प भएको अधिकारीले बताए । उक्त निर्वाचनमा दुवै समूहबाट उपाध्यक्ष पदका लागि सहदेव (विमल) धमला, राजीव पाण्डे, चेतनाथ पुडासैनी र श्रीकृष्ण थपलिया, महासचिवमा बद्रीप्रसाद तिमल्सिना र सोजेशमान मालाकारले उम्मेदवारी दिएका छन् । सचिवमा पुण्यराम लागेजु र दिलीप (मिलन) कँडेल, कोषाध्यक्षमा प्रकाश थपलियाको उम्मेदवारी परेको छ ।

सदस्यमा कोपिला सिंखडा, रोशन अधिकारी, कुमार नेपाली, पूर्णप्रसाद चौलागाईं, विनोद श्रेष्ठ, अमृत थोकर (लामा), सानुकाजी महर्जन, रमेश विश्वकर्मा, रञ्जयमान प्रधान, नवीन तामाङ, सुदर्शन खनाल, जनकसिंह तामाङ, बद्रीप्रसाद अर्याल र लालबाबु चौधरीको उम्मेदवारी परेको निर्वाचन अधिकृत उमादेवी प्रसाईंले जानकारी दिए । परिषद्को २९औँ साधारणसभा तथा निर्वाचनका लागि एक हजार एक सय ९३ जनाले मताधिकार प्रयोग गर्न पाउनेछन् । रासस

मन्दिरको पुनःनिर्माण गरेर यहाँका पूर्वाधारलाई थप व्यवस्थित बनाउनुपर्ने भृङ्गारेश्वर सुधार तथा बुद्धसेवा समितिका अध्यक्ष रामचन्द्र महर्जनले बताए ।

उनका अनुसार यहाँ बालकुमारी त्रिपुरासुन्दरी, जगन्नाथ, गणेश र भृङ्गारेश्वर महादेव मन्दिरलगायत ऐतिहासिक सम्पदा रहेका छन् । विसं २०७२ को भूकम्पले क्षति गरेका कतिपय ऐतिहासिक संरचना भने पुनःनिर्माण भइसकेका छन् । रासस

# दुग्ध कृषक अनुदानबाट वञ्चित

**म्याग्दी ।**
दूध उत्पादन वृद्धि र कृषकलाई प्रोत्साहन गर्न गण्डकी प्रदेश सरकारले पठाएको अनुदानबाट जिल्लाका कृषक वञ्चित भएका छन् । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कृषकलाई अनुदान वितरण गर्न विनियोजन भएको रकम कार्यविधि प्रक्रिया नमिल्दा बजेट फिर्ता पठाउनुपरेको जनाएको छ । दूध उत्पादन गर्ने कृषकलाई प्रतिलिटर दुई दशमलव ५० रुपैयाँका दरले अनुदान उपलब्ध गराउन प्रदेश सरकारले केन्द्रलाई चालु आर्थिक वर्षका लागि २४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

अनुदान कार्यक्रमका लागि दोनान, बास्कुना, शुभकामना कृषि र सिमलचौर बीउबिजन कृषि सहकारी संस्थाले केन्द्रमा आवेदन पेस गरेका थिए । शुभकामना कृषि सहकारी संस्थामा आबद्ध कृषकले मात्र दुई लाख एक हजार पाँच सय रुपैयाँ अनुदानबापतको रकम पाएका बेनी नगरपालिका–७ कुरिलाखर्कमा रहेको ढुङ्गाना कृषि तथा पशुपन्क्षी फार्मका सञ्चालक सुरेश ढुङ्गानाले जानकारी दिए । बाँकी २१ लाख ९८ हजार पाँच सय रुपैयाँ फिर्ता भएको हो । कार्यविधिअनुसार सबै प्रक्रिया पूरा गरेर तोकिएको कागजात पेस गरे पनि कार्यालयका केही कर्मचारीको बेवास्ताका कारण कृषक अनुदानबाट वञ्चित भएका उनले गुनासो गरे ।

'हरेक चौमासिक रुपमा वितरण गर्नुपर्ने अनुदान कर्मचारी अभाव भएको भन्दै एकै किस्तामा आर्थिक वर्षको अन्तिममा भुक्तानी गर्ने प्रतिबद्धता जनाएका भेटेरिनरी कार्यालयका कर्मचारीले आवको अन्त्यमा बेवास्ता गर्दा अनुदान रकम फिर्ता गएको हो', ढुङ्गानाले भने 'यही असार २४ गते सम्म भुक्तानी आउने आश्वासन पाएका किसान अनुदानबाट वञ्चित भएका छन् ।' बेनी बजारमा दैनिक एक हजार पाँच सय लिटर दूध आपूर्ति गर्ने ढुङ्गानालगायत १८ जना कृषकले दोभान कृषि सहकारी संस्थामार्फत अनुदानका लागि आवेदन पेस गरेका थिए । दैनिक दुई सय लिटरभन्दा बढी दूध निकासी गर्ने बास्कुना, तातोपानी, बरङ्जा क्षेत्रका कृषकले सिमलचौर कृषि सहकारीमार्फत आवेदन दिएको जनाएका छन् ।

बेनी–७ का कृषक कृष्णप्रसाद शर्माले विगतका वर्षमा सहज तरिकाले अनुदान पाए पनि यसपाली कर्मचारीले सहयोग नगरेका गुनासो गरे । 'यसअघिका वर्षमा हामीले पेस गरेका कागज र प्रक्रियाबाट अनुदान पाउने गरेका थियौँ । यस वर्ष पनि सोहीअनुसार कार्यालयले मागेका सबै कागजात पेस गरेका हौँ' उनले भने, 'केन्द्रका कर्मचारीले अनुदान दिने प्रतिबद्धता जनाएर कृषकलाई झुक्काउने र निराश बनाउने काम गरेका छन् ।' केन्द्रका प्रमुख डा भरत रेग्मीले कार्यालयका योजना प्रमुख सुवास रेग्मी नेतृत्वको समितिलाई अनुदान वितरणको जिम्मेवारी दिइएको बताए । अनुदानका लागि तोकिएको मापदण्ड र प्रक्रिया पूरा नभएकाले अनुदान उपलब्ध गराउन नसकिएको उनको भनाइ छ ।

'योजना शाखाका प्रमुख, लेखा प्रमुख र एक जना प्राविधिक रहेको समितिले गरेको सिफारिसअनुसार सहकारी संस्था छनोट र अनुदान वितरण भएको हो', प्रमुख रेग्मीले भने, 'जुन सहकारीले कार्यविधि र मापदण्ड पालना गरेका छन्, ती सहकारीमा आबद्ध कृषकले अनुदान पाएका छन् । कार्यविधिअनुसार प्रक्रिया पूरा नभएकाले अन्यले अनुदान नपाएका हुन् ।'

केन्द्रका योजना शाखा प्रमुख सुभास रेग्मीले शुभकामना कृषि सहकारी संस्थाले मात्र कृषकबाट दूध सङ्कलन गरेर बजारमा पठाउने र सहकारीको खाताबाट कृषकलाई रकम भुक्तानी गरेको पाइएकाले उक्त सहकारीलाई मात्र अनुदान दिएको बताए । 'विगतका वर्षमा केकसरी अनुदान रकम उपलब्ध गएिको थियो सोबारे अध्ययन गर्नेछौँ' उनले भने, 'यस वर्षदेखि निश्चित मापदण्ड र कार्यविधि बनाएका छौँ । सोहीअनुसार अनुदान दिएका हौँ ।' कृषक भुवन आचार्यले केन्द्रका प्रमुख र योजना शाखा प्रमुख रेग्मीद्वयको भनाइ खण्डन गर्दै केन्द्रका कर्मचारीको बेवास्ताका कारण राज्यले दिएको सुविधाबाट कृषक वञ्चित भएका गुनासो गरे । रासस

# नहर मर्मत नहुँदा खनियाघाटमा सिँचाइको समस्या

**पर्वत ।**
जिल्लाको जलजला गाउँपालिका–८ नाग्लीवाङमा सडक फराकिलो बनाउन भत्काइएको नहर पुनःनिर्माण नहुँदा उपल्लो खनियाघाटमा सिँचाइको समस्या भएको छ । जलजला गाउँपालिकाले सञ्चालन गरेको खनियाघाट–दमुवाखोला–नाग्लीवाङ सडक स्तरोन्नतिका क्रममा डिइँको डाडा क्षेत्रमा बासकोटे खोलाबाट सञ्चालित उपल्लो खनियाघाट सिँचाइ आयोजनाको २५ मिटर लामो नहर पूर्ण रुपमा भत्काइएको थियो । नहर मर्मत नगर्दा स्थानीय कृषकको पाँच सय रोपनीभन्दा बढी खेत यसवर्ष बाँझै रहने भएको छ ।

भत्काइएको नहर पुनःनिर्माण नहुँदा धुले बीउ राखेको भन्दै धान रोपाइँ पनि प्रभावित भएको बासकोटे खोला उपल्लो खनियाघाट सिँचाइ आयोजनाको उपभोक्ता समितिका अध्यक्ष विष्णु जिसीले बताए । 'ठेकेदारले नहर बनाउने सहमतिमा भत्काएका हुन्, अहिले सडक बनाएर गए तर नहर बनाएनन्' उनले भने, 'यसअघिका वर्षमा पानी बीउ राख्ने गरेका थियौँ । यसपालि सिँचाइ नहुँदा धुले बीउ राखिएको छ । सिँचाइका लागि नहर नहुँदा रोपाइँ गर्न पाएका छैनौँ ।'

यहाँका ३३ धुरी कृषकको पाँच सय रोपनी क्षेत्रफलको खेतबारीमा सिँचाइको अभाव भएको अध्यक्ष जिसीले जानकारी दिए । विगतका वर्षमा असारको अन्तिम सातामा उपल्लो खनियाघाटमा आधा रोपाइँ हुने गरेको थियो । विसं २०६१ मा मार्ग खोलिएको खनीयाँघाट–डमुवाखोला–नाग्लीवाङ सडक विस्तार, नाली र पर्खाल निर्माणका साथै ढलानका लागि गत मङ्सिरमा साहना–सक्षम निर्माण कम्पनीले एक करोड ३३ लाख ५५ हजार दुई सय १८ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

यसअघि चार मिटर फराकिलो रहेको सडकलाई विस्तार गरेर छदेखि सात मिटर फराकिलो बनाइनुका साथै छ सय ६४ मिटर ढलान र नाली, एक सय पाँच घनमिटर पलम पर्खाल, एक सय ३० घनमिटर ग्यावीयन पर्खाल निर्माण भएको छ । पीडित कृषकहरुले केही दिनअघि वडा कार्यालय र गाउँपालिकामा नहर मर्मत गरी सिँचाइ नियमित गराउन अनुरोध गर्दै निवेदन दिएका थिए ।

सडकले नहरमा पुऱ्याएको क्षति अनुगमनका लागि गएका जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्य र वडाध्यक्ष हरिविकास जिसीलाई निर्माण कम्पनीका प्रतिनिधिले पाइपलाइन जडान गरेर सिँचाइका लागि पानी आपूर्ति गर्ने प्रतिबद्धता जनाए पनि काम हुन नसकेको कृषकले गुनासो गरेका छन् । रासस

# १०औँ राष्ट्रिय खेलकुदमा ३५ खेल राख्ने प्रस्ताव



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले कर्णाली प्रदेशमा आयोजना हुने १०औँ राष्ट्रिय खेलकुदका लागि ३५ खेलमा ४१९ प्रतिस्पर्धा प्रस्ताव गरेको छ ।

राष्ट्रिय खेलकुद तथा प्रथम पारा राष्ट्रिय खेलकुदका सन्दर्भमा आयोजित बैठकमा यस्तो प्रस्ताव गरेको राखेपका सदस्यसचिव टङ्कलाल घिसिङले जानकारी दिए । कगण्डकी प्रदेशमा भएको नवौँ राष्ट्रिय खेलकुदमा समावेश ३६ खेलमध्ये प्याराग्लाइडिङबाहेक ३५ खेल प्रस्ताव गरिएको उनको भनाइ छ । राखेपले यस अघि नै १०औँ राष्ट्रिय खेलकुद आउँदो मङ्सिर २ देखि ९ गतेलाई प्रस्ताव गरिसकेको छ ।

त्यसअघि विभिन्न छ खेलको प्रतियोगिता कात्तिक २७ देखि नै शुरु गर्ने गरी प्रस्तावे छ । १० औँ राष्ट्रिय खेलकुद सकिएलगत्तै नेपालमा पहिलो पटक कर्णालीमै पारा खेलकुद पनि आयोजना हुने छ ।

# अफगानी निर्वासन रोक्न पाकिस्तानलाई मलालाको आग्रह




**एएफपी**
**लन्डन ।**
नोबेल पुरस्कार विजेता मलाला युसुफजाईले विशेष गरी महिला र बालिकाहरुको अन्धकार भविष्यप्रति चिन्ता व्यक्त गर्दै पाकिस्तानलाई कागजातविहीन अफगानीहरूको निर्वासन रोक्न आग्रह गरेकी छन् ।

'पाकिस्तानले त्यहाँ रहेका अफगानी शरणार्थीहरूलाई फिर्ता जान बाध्य गरिरहेको छ भन्ने कुरा गहिरो चिन्ताको विषय हो । म विशेषत महिला र बालिकाहरूको बारेमा चिन्तित छु', सन् २०१४ मा नोबेल शान्ति पुरस्कारबाट पुरस्कृत मलालाले शुक्रबार बताइन् । इस्लामाबादले यस हप्ता अवैध आप्रवासीहरूलाई हटाउने बताएको हो । गत वर्ष इस्लामाबादले कागजातविहीन आप्रवासीहरूलाई तुरुन्तै पाकिस्तान छोड्न वा गिरफ्तारीको सामना गर्न आदेश दिएपछि ६ लाख भन्दा बढी अफगानहरू पाकिस्तानबाट भागेका थिए । पाकिस्तानबाट अफगानिस्तानमा फिर्ता पठाइएका केहीले तालिबानद्वारा उत्पीडनको सामना गर्नुपरेको मानव अधिकार पर्यवेक्षकहरूले चेतावनी दिएका छन् । सन् २०२१ मा सत्ता नियन्त्रणमा लिएको तालिबानले इस्लामको कठोर रूप लागू गरेका छन्, बालिकाहरूलाई उच्च शिक्षाबाट प्रतिबन्ध लगाइएको छ र महिलहरूको सार्वजनिक जीवनमा प्रतिबन्ध लगाइएको छ ।

'पाकिस्तानमा बालिकाहरुले पढ्ने मौका पाइरहेका थिए, महिलाहरु रोजगारमा संलग्न हुदै थिए', २७ वर्षीया मलालाले भनिन् 'मलाई आशा छ कि अफगानस्तानमा महिलालाई हुनसक्ने उत्पीडनलाई मध्यनजर गर्दै पाकिस्तानले आफ्नो नीतिलाई परिवर्तन गर्नेछ ।'

# ड्रोन आक्रमणपछि रूसी इन्धन डिपोमा आगलागी

**एएफपी**
**मास्को ।**
युक्रेनी ड्रोन आक्रमणपछि रुसको रोस्तोभ क्षेत्रमा शनिबार एउटा इन्धन डिपोमा आगलागी भएको यसका गभर्नर भासिली गोलुबेभले टेलिग्राममा बताएका छन् । गोलुबेभले टेलिग्राममा ड्रोन आक्रमणपछि सिमल्यान्स्की जिल्लाको पेट्रोल रिफाइनरीमा आगलागी हुँदा कुनै हताहत नभएको उल्लेख गरेका छन् । यो क्षेत्र फ्रन्ट लाइनबाट सयौँ किलोमिटर टाढा छ । यसैबीच रुसको रक्षा मन्त्रालयले आफ्ना सेनाले चार युक्रेनी ड्रोन खसालेको घोषणा गरेको छ । दुईवटा रोस्तोभमा, एउटा युक्रेनसँग जोडिएको बेलगोरोड क्षेत्रमा र अर्को उत्तरमा रहेको कुर्स्कमा छन् । मस्को र किभ दुवैले ड्रोन प्रयोग गरेका छन्, जसमा फेब्रअरी २०२२ मा शुरु भएको द्वन्द्वमा सयौँ किलोमिटर फैलिएको दायरासहित ठुलो सेल्फ–डिटोनेटिङ क्राफ्ट समावेश छ ।

# बैंककमा भानुजयन्ती

**काठमाडौँ ।**
भानुजयन्तीका अवसरमा थाइल्याण्डमा रहेका नेपाली र नेपाली भाषीका सङ्घसंस्थाहरुको सहभागितामा शनिबार कार्यक्रम आयोजना गरियो । त्यस अवसरमा राजदूत धनबहादुर वलीले नेपाली भाषा संस्कृतिको संरक्षण र सम्वद्र्धनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनले नेपाली मूलका तथा विदेशमा रहेका नेपाली नागरिकका सन्ततिलाई नेपाली भाषा साहित्यका बारेमा जानकारी दिन, भाषा सिकाइ तथा प्रशिक्षणमा प्रोत्साहित गर्न यस वर्षदेखि भानुजयन्तीका अवसरमा सबै नेपाली तथा नेपाली भाषी सङ्घसंस्थासँगको सहकार्यमा भाषा साहित्य कार्यक्रम विशेष रूपमा आयोजना गर्नु उपयुक्त हुने र सो कामका लागि राजदूतावासबाट सधैँ सहयोग हुने प्रतिबद्धता व्यक्त गरे ।
गैरआवासीय नेपाली सङ्घ थाइल्याण्डका अध्यक्ष भविन्द्र बस्नेत, थाई नेपाली सङ्घका अध्यक्ष लक्ष्मण केसी, भाषा साहित्य संस्थाका प्रतिनिधि तथा बालसाहित्यकार र कलाकारको सहभागिता रहेको उक्त कार्यक्रममा राजदूतावासका नियोग उपप्रमुख प्रकाश अधिकारीले समापन मन्तव्य राखेका थिए । कार्यक्रममा २५ जना साहित्यकारले आफ्ना रचना प्रस्तुत गरेका थिए । कार्यक्रममा बाल साहित्यकारलाई नेपाली भाषसम्बन्धी पुस्तक वितरण गरिएको थियो । विश्वयुद्धपछि थाइल्याण्डको पिलोकमा बसोबास गरेका गोर्खा भर्तीका नेपाली तथा म्यान्माबाट विभिन्न समयमा बसाइँसरी थाइल्याण्ड गएका विभिन्न कालखण्डमा नेपाल, भारत, भूटानलगायत मुलुकबाट थाइल्याण्ड आई बसोबास गरेका नेपाली मूलका थाई नागरिकहरू, हाल थाइल्याण्डमा कामगरी बसेका नेपाली मूलका म्यान्माका नागरिकको उल्लेख्य सङ्ख्यामा नेपाली भाषीहरूको थाइल्याण्डमा बसोबास छ । लामो समयदेखि नेपालबाट अध्ययन, अध्यापन, व्यवसाय तथा संयुक्त राष्ट्रसङ्घलगायत अन्तरराष्ट्रिय सङ्घसंस्थामा कार्यरत नेपाली छन् । रासस



# भानुभक्तद्वारा भाषा र साहित्यका माध्यमबाट राष्ट्रिय एकता प्रवर्द्धनः भण्डारी

**काठमाडौँ ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भानुभक्त आचार्यले भाषा र साहित्यका माध्यमबाट राष्ट्रिय एकताको प्रवद्र्धनका लागि पु¥याएको विशिष्ट योगदानको स्मरण गरेकी छन् । आदिकवि भानुभक्त आचार्यको २११औँ जन्मजयन्तीका अवसरमा शनिबार पूर्वराष्ट्रपति भण्डारीले सामाजिक सञ्जालमार्फत भानुभक्त आचार्यद्वारा नेपाली भाषामा अनुवाद गरिएको वाल्मिकी रामायणले विविध भूगोल, जातजाति, संस्कार र संस्कृति अँगालेका नेपालीबीच अपनत्वको भावना र साझा मनोविज्ञानको निर्माणमा महत्वपूर्ण योगदान पु¥याएको बताएका छन् । उनले आचार्यलेप्रति सम्मान प्रकट गर्ने विशेष दिनका रूपमा भानु जयन्तीलाई ग्रहण गर्नुपर्ने बताइन् । रासस

# मोर्डनकन्या कलेजमा भानुजयन्ती



**काठमाडौँ ।**
मुलुकका पुराना साहित्यकारहरुले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषा र साहित्यको उन्नयनमा पु¥याएको योगदानको स्मरण गर्दै उनीप्रति श्रद्धा व्यक्त गरेका छन् । भीमसेनगोलास्थित मोर्डन कन्या मल्टिपल कलेजद्वारा २११औँ भानुजयन्तीका अवसरमा आयोजित कार्यक्रममा साहित्यकारहरुले आदिकविको तस्वीरमा माल्यार्पण गर्नुका साथै उनको योगदान र परिचय दिलाउने कविता वाचन गरे ।
त्यसअवसरमा साहित्यकार शैलेन्द्र साकार, डा रामप्रसाद दाहाल, रामप्रसाद पन्त, कृष्ण बाउसे, निर्मल पराजुली, विदुर उप्रेती र कलेजका प्राचार्य सविन पोखे्रलले भानुभक्तका रचनाले नेपाली समाजलाई भाषाका माध्यमबाट एकसूत्रमा बाध्न पु¥याएको योगदानको चर्चा गरे । भानुभक्तले भाषिक एकीकरण नगरिदिएको भए संसारमा नेपाली भाषा आजको स्तरमा समृद्ध हुन सक्दैनथ्यो भन्दै उनीहरुले नेपाली भाषालाई सरलता तुल्याएर आदिकवि सधैँ समृतिमा रहने बताए । कार्यक्रममा भानुजयन्तीका अवसरमा कलेजद्वारा आयोजित कविता प्रतियोगीताका विजयी छात्रालाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरियो । कार्यक्रममा छात्राहरु रेणुका कँडेल, शर्मिला कार्की, जमुना बस्नेत, युरिसा रिजाल र अनुपा भुजेलले पनि कविता वाचन गर्नुभयो । नेपालमा मात्र नभई नेपालीभाषी बसोबास रहेका प्रवासमा पनि आज विभिन्न कार्यक्रमगरी भानुजयन्ती मनाउने गरेका छन् । रासस

# भानुगृह पुनःनिर्माणको पर्खाइमा चुँदीरम्घा शिखरकटेरी

**तनहुँ ।**
नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मथलो चुँदीरम्घा शिखरकटेरीमा भानुगृह पुनःनिर्माण गर्ने भनेको आठ वर्ष पुगिसक्यो । भानु नगरपालिका–४ शिखरकटेरीमा भानुगृह पुनःनिर्माणका लागि २०७३ चैत २२ गते शिलान्याससमेत भयो । तर आठ वर्ष बितिसक्दा पनि उक्त काम शिलान्यासमै सीमित भयो ।
भानुगृह पुनःनिर्माण गर्ने कुरा चर्चामै सीमित हुँदा अब भने काम अगाडि बढ्नेमा आशा जागेको छ । पश्चिमाञ्चल विकास मञ्चले शिलान्यास गरेको उक्त भानुगृहको अधुरो काम मञ्चकै सक्रियतामा अगाडि बढ्ने भएको छ ।
आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले भानुगृह पुनःनिर्माणको काम अगाडि बढ्ने चरणमा रहेको बताए । भानुगृहको खाका तयार भएको र अब बोलपत्र आह्वानको तयारी गरिएको उनको भनाइ छ । कार्यकारी निर्देशक रानाभाटले भने, ‘विविध कारणले लामो समयदेखि भानुगृह पुनःनिर्माण हुन सकेन । यसबीचमा थुप्रै छलफल ग¬र्यौं, अब कामले ठोस गति लिनेमा विश्वस्त छौँ ।’
भानुगृहको लागत करिब एक करोड दश लाख रुपैयाँ रहेको छ । विकास मञ्चले आफ्नै लगानीमा भानुगृह निर्माण गर्न लागेको हो । त्यसका लागि मञ्चका पूर्वअध्यक्ष रामकाजी कोनेको संयोजकत्वमा निर्माण समिति गठन गरिएको छ । विकास मञ्चले काममा ढिलाइ गरेपछि विकास समितिले आफ्नै सक्रियतामा घर निर्माण गर्ने तयारी थालेको थियो । तर विकास मञ्चले नै घर निर्माण गर्ने भएपछि समितिको तर्फबाट आवश्यक सहयोग रहने उनले बताए । विकास समितिले शिखरकटेरीमा तारबार र सिसी क्यामरा समेत जडान गर्दैछ । यही ठाउँमा रामायण भवन निर्माण भइसकेको छ । जङ्गलको बीचमा भएकाले रामायण भवन संरक्षणविहीन अवस्थामा पुगेको छ । भानुगृहको काम सुरु भएपछि यस ठाउँको थप विकास हुनेमा आशावादी रहेको कार्यकारी निर्देशक रानाभाटको भनाइ छ । यसअगाडि कच्ची बाटो, पानी र बत्तीको समस्यालगायतका कारणबाट भानुगृहको काम अगाडि बढ्न सकेको थिएन । भानुभक्तको घर पुनःनिर्माणपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने विश्वास गरिएको छ । ‘आदिकवि भानुभक्तको नाममा देश तथा विदेशमा भव्य कार्यक्रम हुन्छ तर गृह जिल्लामै भानुभक्त उपेक्षित हुनुभयो की भन्ने भान हामीलाई पनि हुन्छ । घर पुनःनिर्माण गर्न सकिए यहाँ धेरैको आगमन हुने विश्वास छ’, उनी बताउँछन् ।
विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा यादव खरेलले ‘आदिकवि भानुभक्त’ नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर एक लाख रुपैयाँमा पुनःनिर्माण गरेका थिए । जङ्गलबीचको खरको छानाको घरमा २०६१ जेठमा आगलागी भएको थियो जसमा करिब एक लाख २७ हजार रुपैयाँको क्षति भएको थियो । भानु नगरपालिका–४ चुँदीरम्घामा १८७१ असार २९ गते जन्मिएका आचार्यको १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविको रुपमा परिचित भानुभक्त वाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात छन् । भानुभक्तले ‘प्रश्नोत्तर’, भक्तमाला, बधुशिक्षालगायतका कृति लेखेका छन् भने उनका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उनी नेपाली साहित्यमा चिनिएका थिए ।



“
मेरा इनार, न त सत्तल पाटी केही छन्
जे चिज र धनहरू छन् घरभित्र नै छन्
त्यस घाँसीले कसरी आज दियेछ अर्ति
धिक्कार हो मकन बस्नु नराखी कीर्ति ।
(भानुभक्त आचार्य )

**भानु जयन्तीमा विशेष कार्यक्रम**

दुई सय एघारौँ भानु जयन्तीको अवसरमा आज चुँदीरम्घामा विविध कार्यक्रम हुँदैछन् । समितिको आयोजनामा प्रभातफेरी, प्रवचन, पुरस्कार वितरणलगायतका कार्यक्रम आयोजना गरिएको छ । सोही अवसरमा रामायण वाचन तथा कविता वाचन प्रतियोगितामा उत्कृष्ट हुनेलाई पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको छ । रासस

# आदिकवि भानुभक्तको सालिकमा माल्यार्पण



**काठमाडौँ ।**
आदिकवि भानुभक्त आचार्यको २११औँ जन्मजयन्तीको अवसरमा दरबार हाईस्कुलमा रहेको उनको सालिकमा माल्यार्पण गरिएको छ । नेपाल शिक्षा परिषद्को आयोजनामा शनिबार बिहान आयोजित कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति एवम् वरिष्ठ साहित्यकार गङ्गाप्रसाद उप्रेतीले आचार्यको सालिकमा माल्यार्पण गरे ।
भानुभक्तको सालिकमा माल्यार्पण गर्दै पूर्वउपकुलपति उप्रेतीले नेपाली भाषाको विकास गरी नेपालीलाई एकताबद्ध गर्न आदिकविको ठूलो योगदान रहेको बताए । उनले नेपाली साहित्य र समाजमा भानुभक्तको योगदान असाधारण र कालजयी रहेको उल्लेख गरे । नेपाल शिक्षा परिषद्की अध्यक्ष रमा शर्माले आदिकवि आचार्यलाई सम्पूर्ण नेपालीले सदैव स्मरण गर्नुपर्ने बताइन् । विसं २०१६ मा नेपाल शिक्षा परिषद्ले दरबार हाईस्कुल अगाडि निर्माण गरेको भानुभक्तको सालिकको प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले अनावरण गरेका थिए । विसं २०१६ देखि यहाँ भानु जयन्तीका अवसरमा विभिन्न कार्यक्रम गरिँदै आएको परिषद्का सदस्य सचिव लक्ष्मण थापाले जानकारी दिए । रासस

# भानुजयन्तीका अवसरमा साहित्यकारद्वय राई र ठकुरी सम्मानित



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले २११औँ भानुजयन्तीका अवसरमा दुईजना साहित्यकारलाई सम्मान गरेका छन् ।
नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा शनिबार आयोजित कार्यक्रममा प्रा डा नोवलकिशोर राई र माया ठकुरीलाई सम्मान गरिएको हो । नेपाली साहित्यमा विशिष्ट योगदान गरेबापत उनीहरुलाई सम्मान गरिएको हो । उनीहरुलाई बग्गीमा राखेर नगर परिक्रमा गराइको थियो । त्यसअघि प्रज्ञा–प्रतिष्ठान परिसरमा रहेको आदिकवि भानुभक्त आर्चायको प्रतिमामा माल्यापण गरिएको थियो । भानुजयन्ती कै अवसरमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना, नेपाल स्काउट र विभिन्न विद्यालयका विद्यार्थी, साहित्यकार, बुद्धिजीवीको सहभागितामा प्रज्ञा भवनबाट शोभायात्रा आयोजना गरिएको थियो । उक्त शोभायात्रा बागबजार–रत्नपार्क–शान्तिवाटिका–दरबार हाईस्कुलस्थित भानुभक्तकोप्रतिस्थल हुँदै पुनःप्रज्ञा भवन पुगेर सभामा परिणत भएको थियो । रासस

# आदिकवि भानुभक्तः संस्कृति र साहित्यमा समर्पित

**काठमाडौँ ।**
आदिकवि भानुभक्त आचार्यको दुई सय ११औँ जन्मजयन्तीका अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले देशभित्र र बाहिर रहनुभएका साहित्यानुरागीका साथै समस्त नेपालीमा हार्दिक शुभकामना व्यक्त गरेका छन् । भानु जयन्तीका अवसरमा शनिबार दिएको सन्देशमा उनले संस्कृति र साहित्यलाई सामाजिक रूपान्तरणका पक्षमा समर्पित गर्न यो दिवसले थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरेका छन् । ‘आजको दिनले आदिकवि भानुभक्तका योगदानहरूको स्मरण र सम्मानसहित हाम्रो प्राचीन दर्शन, सभ्यता, संस्कृति र साहित्यका असल पक्षहरू अनुशरण गर्दै संस्कृति र साहित्यलाई सामाजिक रूपान्तरणका पक्षमा समर्पित गर्न थप प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दछु’, सामाजिक सञ्जालबाट जारी गरिएको प्रधानमन्त्री दाहालको सन्देशमा भनिएको छ । रासस

# पशुपति क्षेत्रमा गङ्गामाई रथयात्रा



**काठमाडौँ ।**
पशुपति क्षेत्रमा प्रत्येक वर्ष आषाढ शुक्ल सप्तमी अर्थात् अचला सप्तमीका दिन गरिने गङ्गामाई रथयात्रा समापन भएको छ । यहाँ जलकी अधिष्ठात्री देवी गङ्गामाईको दिव्य रथयात्रा गर्ने परम्परा छ । पशुपतिनाथ मन्दिर तथा पाशुपत क्षेत्रमा गङ्गाको दिव्य रथयात्रा तथा विशेष अर्चना गरेपछि पानी पर्ने एवम् खडेरी नहुने विश्वास गरिन्छ । यस जात्रामा राज्यबाट हर्ष बढाइँका लागि गुरूज्यूको पल्टनले सलामीसमेत प्रदान गर्ने परम्परा छ । पशुपति क्षेत्र विकास कोषले गङ्गामाई जात्राको प्रतीकका रूपमा यसलाई निरन्तरता दिँदै आएको छ । पाशुपत क्षेत्र शाक्त सम्प्रदायको समेत उपासना स्थल हो । यसैले पनि गङ्गामाई रथयात्राको विशेष महत्व छ । भगवान् श्री पशुपतिनाथ मन्दिरको गर्भगृहमा रहेको माता गङ्गाको अष्टधातुको मूर्तिलाई रथारोहण गराई पाशुपत क्षेत्रको देवमार्गमा परिक्रमा गराइन्छ । शनिबार अपराह्न पशुपतिनाथको बज्रघरबाट सुरु भएको रथजात्रा शनिबार साँझ समापन भएको छ । रासस



## साउन १ गतेदेखि बृहत् कोटीहोम महायज्ञ हुने

आराध्यदेव भगवान् पशुपतिनाथ विराजमान रहेको पाशुपत क्षेत्र । पशुपतिनाथ मन्दिर परिसरनजिकै वनकालीमा आउँदो साउन १ गतेदेखि एक महिनासम्म बृहत् कोटीहोम महायज्ञ सञ्चालन हुने भएको छ ।
तस्बिरः विमलबहादुर बिष्ट/रासस

# मधेशदृष्टिकर्मी मिश्रा नगदसहित सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेशदृष्टिकर्मी वरिष्ठ पत्रकार सञ्जय मिश्रा नगदसहित सम्मानित भएका छन् । रौतहटको कटहरिया स्थित पियारिया देवी फाउन्डेसनले शनिबार एक कार्यक्रमको आयोजना गरी प्रेस चौतारी नेपालका केन्द्रीय सदस्यसमेत रहेका पत्रकार मिश्रालाई सम्मानित गरेको हो । कटहरिया नगरपालिका–३ बिर्ती प्रष्टोकाका सत्य नारायण साहको श्रीमती स्वर्गिय पियारिया देवीको पहिलो पुण्यतिथिको अवसरमा आयोजित कार्यक्रममा उनका जेष्ठ सुपुत्र तथा फाउन्डेसनका सचिव देवेन्द्र साहले खाँदा ओढाएर नगद ११ हजार रुपैयाँसहित पत्रकार मिश्रालाई सम्मानित गरे । पत्रकारिताको माध्यमले सामाजिक न्यायका लागि समाजमा पुर्याएको योगदानको कदर स्वरूप पत्रकार मिश्रालाई सम्मान गरिएको सचिव साहले बताए । हाल सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सिंहदरबार काठमाडौँमा खरिदार पदमा कार्यरत देवेन्द्र साहको आमा पियारिया देवीको २०८० साउन १ गते निधन भएको थियो ।

स्वर्गिय पियारिया देवीको पुण्यतिथिमा समाजमा योगदान पुर्याउने पत्रकार, कलाकार, सामाजिक अभियन्तालाई प्रत्येक वर्ष सम्मानित गर्ने उद्देश्यले आमाको नाममा अक्षयकोष स्थापनाको प्रक्रियामा रहेको रौनियारले जानकारी दिए । पछिल्लो दुई दशकभन्दा लामो समयदेखि पत्रकारितामा क्रियाशील वरिष्ठ पत्रकार सञ्जय मिश्रा हाल मधेशदृष्टि दैनिक, रातोपाटी, न्युज कारखानामा आबद्ध छन् । मिश्रा कटहरिया एफएमका प्रमुख पनि हुन् ।

# अश्कको ‘कालो गुलाफ’ लाई नारायणी वाङ्मय पुरस्कार




**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी वाङ्मय प्रतिष्ठानले गोपाल अश्कद्वारा लिखित ‘कालो गुलाफ’ कृतिलाई पुरस्कृत गरेको छ । आदिकवी भानुभक्त आचार्यको जन्मजयन्ती समारोह एवम् नारायणी वाङ्मय कृति पुरस्कार वितरण कार्यक्रमका अवसरमा प्रतिष्ठानले दोसल्ला र सम्मान पत्रका साथै नगद २५ हजार राशीको पुरस्कार अश्कलाई प्रदान गरेको हो ।

२०८० सालमा प्रकाशन भएका नारायणी अञ्चल र मधेश प्रदेशका ८ वटै जिल्ला गरि १० वटा जिल्लाबाट पुरस्कारका लागि कृति माग गरिएको थियो । जसमा पाँच वटा कृति प्राप्त भएको प्रतिष्ठानका अध्यक्ष डा. विश्म्भर शर्माले जानकारी दिए । पाँच वटा कृतिलाई कृति मूल्याङ्कन समितिले मूल्याङ्कन गरेर कालो गुलाफलाई पुरस्कृत गर्ने निर्णय गरेको हो । पुरस्कार ग्रहण गर्दै भाषा आयोगका सदस्यसमेत रहेका साहित्यकार गोपाल अश्कले आफ्नै ठाउँमा पुरस्कृत हुँदा भावुक भएको बताए । कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ समालोचक प्राध्यापक केशब रेग्मीले साहित्यिक क्षेत्रमा वीरगंजको योगदान अविस्मरणीय रहेको बताए । भोजपुरी भाषीको बाहुल्यता भएको क्षेत्रबाट पनि नेपाली भाषाका अब्बल एवम् उत्कृष्ट कृति यहाँकै साहित्यकारले लेखेको उनको भनाई छ । प्रतिष्ठानले पुरस्कारलाई निरन्तरता दिएर लेखकहरुको हौसला वृद्धि गरिरहेको भन्दै उनले खुशी व्यक्त गरे ।

साहित्यकार गणेश प्रसाद लाठले प्रतिष्ठानको इतिहासदेखि वर्तमान अवस्थामा वीरगंजको साहित्यिक अवस्थाका बारेमा प्रकाश पारे । पछिल्लो समयमा साहित्यिक गतिविधि बढ्दै गएकोमा खुशी व्यक्त गर्दै उनले यसले नयाँ पुस्तालाई पनि साहित्यतर्फको अभिरुची बढ्दै गएको बताए । कार्यक्रममा नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका सदस्य अजमत अली अंसारी, काशिराम कट्टेल लगायतका साहित्यकारले रचना वाचन गरेका थिए । सोही अवसरमा अन्तरविद्यालयस्तरीय कविता प्रतियोगीता पनि सम्पन्न भएको छ । जसमा गौतम मा.वि.मा अध्ययनरत रुबी यादव प्रथम, रविनाथ चौहान द्वितिय, झरना कुमारी महरा तृतिय र रोहित शाह र कुसुम यादवले शान्तवना पुरस्कार प्राप्त गरे ।

यसअघि शनिबार बिहान भानु जयन्तीकै अवसरमा प्रभातफेरी निकालिएको थियो । वीरगंजको भानु चौकस्थित भानुभक्तको शालिकमा माल्र्यापण गरेर घण्टाघर हुँदै माइस्थान, आदर्शनगर हुँदै मकालु होटलमा पुगेर प्रभातफेरी टुङ्गिएको थियो ।

# जीतपुर–सिमरा उपमहानगर–७ का वडाध्यक्षसहित ६ जनालाई कैद

*न्यायाधीश तारादेवि महर्जनको इजलासले शुक्रबार आपराधिक उपद्रव मुद्दामा वडा अध्यक्ष गुप्तासहित ६ जनालाई एक महिना कैद र जनही एक हजार जरिवाना सुनाएको हो ।*




**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला अदालत बाराले जीतपुरसिमरा उपमहानगरपालिका–७ का वडा अध्यक्ष सुनिल गुप्तासहित ६ जनालाई एक महिनाको कैद फैसला सुनाएको छ । न्यायाधीश तारादेवि महर्जनको इजलासले शुक्रबार आपराधिक उपद्रव मुद्दामा वडा अध्यक्ष गुप्तासहित ६ जनालाई एक महिना कैद र जनही एक हजार जरिवाना सुनाएको हो ।

वडा अध्यक्ष गुप्ताले राजुराज गिरीको घर अगाडि डोजरले खनेर क्षति पु¥याएका थिए । गिरी स्थानीय तह निर्वाचनमा गुप्ताका निकटतम प्रतिस्पर्धी थिए । गिरीको तर्फबाट वादी नेपाल सरकार रहेको मुद्दामा वडा अध्यक्ष गुप्ता, नगर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनोज गुप्ता, कानु भनिने सुनिल साह, वडा अध्यक्षका दाइ अनिल गुप्ता, सुरेश राउत अहिर भनिने सुरेश यादव र वडा कार्यालयमा कार्यरत रामजी साह रहेका छन् । मुलुकी अपराध संहिता, २०७४ को दफा २७५ (१) र (२) (ख) बमोजिमको कसुर गरेको ठहर बारा जिल्ला अदालतले फैसलामा सुनाएको छ ।

# प्रहरी जवानको परीक्षामा ६ जना नक्कली परीक्षार्थी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरी जवान पदमा अर्कैको नाममा परीक्षा दिइरहेका ६ जना पक्राउ परेका छन् । शनिबार भएको प्रहरी जवान पदको लिखित परीक्षामा ६ जना परीक्षार्थीको नाममा अर्कै व्यक्तिले परीक्षा दिइरहेको पाइएको जिल्ला प्रहरी परिसर काठमाडौँले जानकारी दिएको छ । पक्राउ पर्नेमा रित शाहीको नाममा परीक्षा दिने अभिषेक शाही, हिक्मतबहादुर थापाको नाममा परीक्षा दिने इशाक तामाङ, शर्मिला शाहीको नाममा परीक्षा दिने तृप्ती सुन्दास, रोशन खत्रीको नाममा परीक्षा दिने पारस बुढा, सविन महराको नाममा परीक्षा दिने रवीन्द्र महरा र प्रदीप बस्यालको नाममा परीक्षा दिने दिनेश चन्द छन् ।

उनीहरुमध्ये ३ जना प्रहरी वृत्त बानेश्वर, २ जना प्रहरी वृत्त गौशाला र एक जनालाई प्रहरी बृत्त सिंहदरबारमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।




ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.
Institute of Health Research Development Pvt. Ltd.

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

मधेश प्रदेशको सबैभन्दा पहिलो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ केयर रिसर्च डेभलपमेन्ट प्रा.लि., जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८१/०८२ को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले SLC/SEE पास विद्यार्थीहरुले प्रवेश परीक्षा आवेदन फारम भर्नुहोस् ।

तपसिल
१. फारम भर्ने मिति : २०८१/०३/१६ गतेदेखि २०८१/०४/१३ गते दिउँसो २ बजेसम्म
२. प्रवेश परीक्षा मिति : २०८१/०४/१९ गते, बिहान ८ बजे
३. सम्पर्क स्थान : ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा.लि., जनकपुरधाम-५, धनुषामा, कर्मचारी संचयकोष कार्यालयदेखि (करिब ५० मिटर) दक्षिण
☎ ०४१-४२२६७९/९८४६०७३३००/९८४४२२०९६८/९८४४०५३९५५/९८२७८३४१८४
नोटः- यस ईन्स्टिच्यूटमा २०५२ साल देखि अ.हे.व./अ.न.मी. कार्यक्रमहरु साथै २०७१ सालदेखि सामान्य चिकित्सा H.A. ३ वर्षे कार्यक्रम संचालनमा रहेको समेत जानकारी गराईन्छ ।
- प्रिन्सिपल

# अनलाइनमार्फत ठगी गर्ने महिलालाई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय, मकवानपुरले अनलाइनमार्फत ठगी गर्ने एक महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको हेटौँडा उपमहानगरपालिका–५ पिप्ले बस्ने २२ वर्षीया आस्था थापा रहेकी छन् ।

उनले तनहुँको व्यास नगरपालिका–१ बस्ने सिर्जना खड्कालाई सामाजिक सञ्जाल ह्वाट्स एपको प्रयोग गरी म्यासेजमार्फत विदेशबाट मोबाइललगायत सामान एयरपोर्टमा आएको छ भनी झुक्याएर पाँच लाख रुपैयाँ ठगी गरेकी थिइन् । पक्राउ परेकी थापा विरुद्ध जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक दीपक रायले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन